सबल अर्थतन्त्रको साझा विचार

# कर्पोरेट Times

Corporate Times Weekly

साप्ताहिक

❑ वर्षः २ ❑ अंकः ८ ❑ २२ भदौ २०८२, आइतबार ❑ 07 September 2025, Sunday ❑ corporatetimes.com.np ❑ पृष्ठः ८ ❑ मुल्य रु: १०/-

# चाडपर्वका बेला पनि सुधारिएनन् राजमार्ग, चिन संगको नाकाका कारण महँगी बढ्ने

दिपक पौडेल/ काठमाडौं

चाडपर्वको मौसम सुरु भयो । सहर-बजारमा बसिरहेकाहरूले घर कहिले जाने, केके लैजाने भनेर सोच्ने बेला आयो । तर यही बेला उनीहरूमा एउटा चिन्ता छ- घर जाने सडक केकस्ता छन् त ? चाडपर्वको समयमा सडक यातायातमार्फत ठुलो संख्यामा मानिस आउजाउ गर्छन् । यसलाई मध्यनजर गर्दै सडक विभागले विशेष गरी काठमाडौँलाई जोड्ने मुख्य राजमार्गलाई चुस्त-दुरुस्त राख्नका नियमित रूपमा मर्मत सम्भार तथा खाल्डाखुल्डी पुर्ने कार्य भइरहेको जनाएको छ । विभागका प्रवक्ता तथा निर्देशक प्रभातकुमार झा अहिले काठमाडौँ जोड्ने राष्ट्रिय राजमार्गको अवस्था सामान्य रहेको दाबी गर्छन् । बाढी पहिरोका कारण क्षति पुगेका सडकको मर्मत सम्भार, सडकका खाल्डाखुल्डी पुर्ने कार्य भइरहेको उनको भनाइ छ । पहिरोको उच्च जोखिम रहेका क्षेत्रहरूमा यन्त्र-उपकरणसहितको टोली तैनाथ गरिएको उनले प्रस्ट पारे ।

'यन्त्र-उपकरणसहितको टोली तैनाथ गर्दा पहिरो जानेबित्तिकै अवरोध पन्छाउन सहज हुनेछ, साथै तत्काल यातायात सुचारु गराउन सकिनेछ,' प्रवक्ता झाले भने, 'चाडपर्वमा यात्रा सहज तथा जोखिमयुक्त सडक सुरक्षित बनाउन विभिन्न रोकथामका उपाय पनि अपनाइएको छ ।' उनकाअनुसार चालु अवस्थामा रहेका ठेक्का अन्तर्गतका निर्माण व्यवसायीहरूलाई पनि आफ्नो क्षेत्रको खाल्डाखुल्डी तत्काल मर्मत गर्न निर्देशन दिइएको छ । साथै, सवारी साधनलाई आवतजावतमा कुनै कठिनाइ हुन नदिन बढी भत्किएका सडक खण्डहरूमा ग्राभेल राखेर सतह मिलाउने कार्य भइरहेको उनको भनाइ छ । दसैँ-तिहारजस्ता ठुला चाडपर्वमा घर फर्किने यात्रुहरूको चापलाई ध्यानमा राख्दै सडक मर्मत तथा सुधार कार्यलाई विशेष प्राथमिकता दिइएको उनले बताए ।

विभागले सडकको अवस्था सामान्य रहेको र मर्मत सम्भारलाई प्राथमिकता दिएको बताइरहे पनि देशका विभिन्न प्रमुख राजमार्ग महिनौँदेखि अवरुद्ध छन् । मनसुनजन्य बाढी पहिरोका कारण अवरुद्ध भएका सडक खुलाउन सकिएको छैन । एक महिनादेखि अरनिको राजमार्ग बन्द अवस्थामा छ । दुई महिना अघि बाढीले क्षति गरेको गल्छी-स्याफ्रुबेँसी सडक टिमुरेसम्म खुले पनि स्याफ्रुबेँसी जानेबाटो अझै खुलाउन सकिएको छैन । यस्तै असार २९ गतेदेखि बरुण नदीमा आएको बाढीले डाइभर्सन बगाउँदा कोशी करिडोर अवरुद्ध छ । ताप्लेजुङको फक्ताङ्लुङमा साउन ७ गतेदेखि अवरुद्ध तमोर करिडोर खुलाउन सकेको छैन । भेरी कडिडोर, सहिदमार्ग, जुम्ला सडक लगायत अन्य सडक पनि तत्काल सञ्चालनमा ल्याउन सकेको देखिँदैन ।



सडक विभागले सडक मर्मत सम्भारका लागि आवश्यक उपकरणहरू तयारी अवस्थामा राखेको जनाएको छ । राष्ट्रिय राजमार्गहरुमा दसैँअघि खाल्डाखुल्डी मर्मत गरी यातायात सञ्चालन गर्न पटके मर्मत कार्यको ठेक्का व्यवस्थापन भएको सडक विभागका महानिर्देशक विजय जैसी बताउँछन् । 'सूचना निकालिरहेका छौँ । अहिले एग्रिमेन्टको क्रममा छ,' जैसीले भने, 'एग्रिमेन्ट हुन नसके विभाग आफैँ अमानति प्रक्रियाबाट चाडपर्वभन्दा अगाडि सबै सडकमा खाल्डाखुल्डीको मर्मत गर्ने तयारीमा छौँ ।' वर्षातको समयमा राजमार्गहरु निर्वाध सञ्चालनमा ल्याउन विभागले पहल गरिरहेको उनी बताउँछन् । 'सडक अवरुद्ध हुन नदिन मेसिनहरु मोबिलाइज गरिसकेका छौँ । अहिले तिनीहरूले ठाउँ ठाउँमा काम गरिरहेको अवस्था छ,' उनी भन्छन् । कुनै पनि स्थानमा पहिरो गई सडक अवरुद्ध हुनासाथ रातको समय बाहेक साधारणतया आधा घण्टादेखि एक घण्टाभित्र प्रभावित स्थानसम्म (बाँकी पृष्ठ ४ मा)

## यस वर्ष दशैंमा 'नयाँ नोटको साटो सुकिला बाँडिने तयारी



काठमाडौं । नेपाल राष्ट्र बैंकले यस वर्ष नयाँ नोट नबाँड्ने भएको छ । दसैँका लागि नयाँ नोट बाँड्दै आएको नेपाल राष्ट्र बैंकले पछिल्लो समय सुकिला नोट मात्र बाँड्न थालेको हो । दसैँतिहारलक्षित नयाँ नोट सटही सुविधा प्रदान गर्दै आएको राष्ट्र बैंकले खर्चको व्यवस्थापन गर्न नयाँ नोटलाई बन्द गरेको जनाएको छ । दसैँमा साना तथा ठूला दरका नोट आवश्यक हुनेलाई बजारमा पठाएर फिर्ता आएका सुकिला नोट बैंकमार्फत सटही व्यवस्था मिलाइने हो । सुकिला नोट सटही सम्बन्धी सूचना जारी गर्दै मुद्रा व्यवस्थापन विभागले भदौ २९ गतेबाट बैंकमार्फत सुकिला नोट वितरण गर्ने जानकारी गराएको हो ।

सूचनामा भनिएको छ, 'वि.सं. २०८२ को बडादशैमा नेपाल राष्ट्र बैंकको मुद्रा व्यवस्थापन विभाग थापाथली, प्रदेशस्थित कार्यालय (विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी) र इजाजत प्राप्त "क", "ख", र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाका शाखा कार्यालयहरुबाट सर्वसाधारणलगायत विभिन्न संघ/संस्थालाई मिति २०८२/०५/२९ देखि २०८२/०६/१० गतेसम्म बैकिङ्ग कारोबार समयमा सुकिला बैंक नोट सटही गर्न सकिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।' विगतका वर्षहरुमा दसैँ तिहारका लागि ५, १० २०, ५० र (बाँकी पृष्ठ ४ मा)

## बिमा कम्पनीले सरकारी ऋणपत्रमा गर्नुपर्ने लगानीको सीमा बढ्यो




काठमाडौं । अब बिमा कम्पनीहरूले सहायक कम्पनी र अन्य बिमा कम्पनीमा लगानी गर्दा मात्रै नियामक निकाय नेपाल बिमा प्राधिकरणको स्वीकृति लिए पुग्ने भएको छ । अन्य क्षेत्रमा भने तोकिएको सीमामा रहेर कम्पनीले सीधै लगानी गर्न सक्ने व्यवस्था गरिएको हो । प्राधिकरणले बुधबार 'बिमक लगानी निर्देशन, २०८२' जारी गर्दै सहायक कम्पनीमा लगानी गर्न पाउने व्यवस्थालाई थप व्यवस्थित बनाएको छ ।

अब जीवन बिमा तथा लघुबिमा कम्पनीले पोर्टफोलियोअनुसार लगानी व्यवस्थापन गर्नुपर्ने भएको छ । एकभन्दा बढी पोर्टफोलियोबाट एकै क्षेत्रमा लगानी गर्न पनि कडाइ गरिएको छ । 'बिमकले एकभन्दा बढी पोर्टफोलियोबाट एकै सम्पत्ति खरिद गरेको वा लगानी गरेको अवस्थामा प्रत्येक पोर्टफोलियोबाट भएको खरिद रकम वा लगानी रकम खुल्ने गरी सम्पत्ति वा लगानीको हिसाब-किताब राखुपर्नेछ,' निर्देशनमा भनिएको छ । प्राधिकरणका उपनिर्देशक विरोध वाग्लेले बिमा कम्पनीको लगानीलाई थप व्यवस्थित बनाउन नयाँ व्यवस्था गरिएको बताए । कम्पनीलाई सरकारी सुरक्षणपत्र र नेपाल राष्ट्र बैंकबाट जारी हुने ऋणपत्रमा लगानी गर्न कुनै प्रकारको बन्देज र सीमा लागू नहुने उनले बताए । निर्देशनअनुसार अब बिमा कम्पनीले आफ्नो प्रकृतिअनुसार सरकार र नेपाल राष्ट्र बैंकको बचत तथा ऋणपत्रमा न्यूनतम ३० प्रतिशत र ३५ प्रतिशत लगानी गर्नुपर्ने भएको छ । (बाँकी पृष्ठ ४ मा)

**कर्पोरेट टाइम्स साप्ताहिकका लागि**
प्रधान-सम्पादक/प्रकाशक: चेत नारायण पाण्डेय
Editor-In Chief/Publisher: Chet narayan Pandey

सम्पादक: गोविन्द देवकोटा
Editor: Govinda Devkota

सह-सम्पादक: दिपक पौडेल
Co-Editor: Dipak Poudel

व्यवस्थापक: राजन न्यौपाने
Manager: Rajan Neupane

संवाददाता: जेपी लम्साल, तृप्ती शाही, प्रविण रिजाल, प्रकाश मिश्र, डिल्ली शाही

लेआउट: कर्पोरेट टाइम्स डेस्क

मुद्रण: सप्तर्षि पब्लिकेशन प्रा. लि, चावहिल

कार्यालय: जोरपाटी, काठमाडौं ।
शाखा कार्यालय: ठमेल, काठमाडौं ।
फोन: ९७०६२४७४००
इमेल: corporatetimes0@gmail .com

**सम्पादकीय**

# सामाजिक सञ्जाल : नियमन कि बन्दको जोखिम

*नेपाल सरकारले हालै फेसबुक, युट्युब, इन्स्टाग्राम र एक्स (ट्विटर) जस्ता प्रमुख सामाजिक सञ्जाल बन्द गर्ने कदम चालेको छ । सरकारले दिएको तर्क छ–यी बहुराष्ट्रिय प्रविधि कम्पनीहरूले नेपालमा दर्ता नगरी, कर नतिरी, उपभोक्ता संरक्षणसम्बन्धी कानुनी दायित्व पूरा नगरी व्यापार गर्दै आएका छन् । लाखौँ नेपाली प्रयोगकर्ताबाट ठूलो आम्दानी गर्ने तर राष्ट्रलाई कुनै योगदान नगर्ने, सुरक्षा चुनौतीप्रति संवेदनशील नहुनु र संविधानभन्दा माथि आफूलाई ठान्ने प्रवृत्तिले सरकारलाई यस्तो कठोर कदम चाल्न बाध्य बनाएको दाबी छ ।*

*सैद्धान्तिक दृष्टिले यो चिन्ता उचित छ । विश्वका शक्तिशाली मुलुकहरूले समेत यस्ता कम्पनीलाई कानुनी दायरामा ल्याउन कठोर उपाय अपनाएका छन् । युरोपेली संघले ‘डिजिटल सर्भिसेस एक्ट’मार्फत यी कम्पनीलाई कर र नियमनमा बाध्य बनाएको छ । भारतले पनि विदेशी कम्पनीलाई आफ्नो कानुनी संरचनामा बाँधेको छ । नेपालले पनि आफ्ना नागरिकको अधिकार, गोपनीयता, उपभोक्ता सुरक्षा र कर प्रणालीलाई सुरक्षित गर्न नियमन गर्नैपर्छ भन्नेमा विवाद छैन । तर समस्या समाधान गर्ने तरिकामै प्रश्न उठेको छ । सामाजिक सञ्जाल पूर्ण रूपमा बन्द गर्ने निर्णयले तत्कालै लाखौँ नेपालीलाई प्रत्यक्ष असर पारेको छ । विद्यार्थीलाई अनलाइन पढाइमा अवरोध भयो, व्यापारीलाई डिजिटल बजार बन्द भयो, युट्युबमार्फत आम्दानी गर्ने हजारौँ सामग्री निर्माताको आय हरायो, प्रवासी नेपालीले आफ्ना परिवारसँग सम्पर्क राख्ने सहज माध्यम गुमाए । यसरी सरकारको कदमले डिजिटल अर्थतन्त्र, सञ्चार स्वतन्त्रता र सामाजिक जीवनलाई व्यापक नोक्सानी पुऱ्याएको छ ।*

*अर्कोतर्फ, यस्तो कदमले नेपालको अन्तर्राष्ट्रिय छविलाई पनि हानि पुऱ्याएको छ । लगानीकर्ताले नेपाललाई अनिश्चित र अचानक निर्णय लिने मुलुकका रूपमा हेर्ने खतरा बढेको छ । प्रविधि क्षेत्रमा लगानी र नवप्रवर्तनमा यसले नकारात्मक प्रभाव पार्छ । ‘डिजिटल नेपाल’ भन्ने सरकारी घोषणासँग पनि यस्तो कदम असंगत छ । सार्वभौमिकता जोगाउने नाममा सम्पूर्ण देशलाई डिजिटल अन्धकारमा धकेल्नु विवेकपूर्ण समाधान होइन । अब सरकारको जिम्मेवारी छ–समस्या समाधानको व्यावहारिक बाटो रोज्ने । बहुराष्ट्रिय कम्पनीहरूसँग तत्कालै उच्चस्तरीय वार्ता गर्नुपर्छ । दर्ता, कर र उपभोक्ता अधिकारबारे स्पष्ट सर्त राख्नुपर्छ । दबाब उपभोक्तामाथि होइन, कम्पनीमाथि हुनुपर्छ । नेपालभित्रै पारदर्शी र सुरक्षित डिजिटल प्लेटफर्म विकास गर्ने दीर्घकालीन योजना बनाउन जरुरी छ । आफ्नै विकल्प विकास नगरेसम्म विदेशी कम्पनीमाथिको निर्भरता देशका लागि बारम्बार संकट निम्त्याउनेछ ।*

*नियमनका लागि आधुनिक र स्पष्ट कानुन आवश्यक छ । सूचना प्रविधि ऐन पुरानो भइसकेको छ । नयाँ कानुनले डेटा सुरक्षा, गोपनीयता, विज्ञापन कर, सामग्री नियमन र उपभोक्ता अधिकारलाई समेट्नुपर्छ । यसले बहुराष्ट्रिय मात्र होइन, स्थानीय व्यवसायलाई पनि समान नियममा बाँध्नेछ । चौथो, लोकतन्त्रको आधार नै अभिव्यक्ति स्वतन्त्रता भएकाले कुनै पनि नियमनले नागरिकलाई मौन पार्ने खतरा बढाउन हुँदैन । सूचना-स्वतन्त्रता र खुला संवाद लोकतान्त्रिक मूल्यका आधारस्तम्भ हुन् ।*

*नेपालले डिजिटल युगलाई आत्मसात् गर्नैपर्छ । प्रश्न केवल कर र दर्तासम्म सीमित छैन, बरु नेपालको डिजिटल शासन र भविष्य कस्तो हुने भन्ने हो । सरकारलाई सावधानीपूर्वक, विवेकपूर्ण र दीर्घकालीन दृष्टिकोणसहित अघि बढ्न जरुरी छ । सार्वभौमिकता जोगाउँदै, नागरिक अधिकार सुरक्षित राख्दै, खुला र उत्तरदायी डिजिटल वातावरण सिर्जना गर्नु आजको आवश्यकता हो । यही बाटो नेपालका लागि दिगो समाधान हो ।*

# प्रधानमन्त्री ओलीको चीन भ्रमणले देखाएको मार्गचित्र




नेपालको परराष्ट्र नीति विगतदेखि नै जटिल र संवेदनशील विषय रहँदै आएको छ । हिमालयको कुशीतिर बसेको नेपालको भूगोलले यसलाई दुई शक्तिशाली छिमेकी भारत र चीन-बीचको भूराजनीतिक संवेदनशीलतामा राखेको छ । यस अवस्थाले नेपाललाई परराष्ट्र नीति निर्माणमा सावधानी अपनाउन बाध्य बनाएको छ । एकातिर भारतसँग ऐतिहासिक, सांस्कृतिक, आर्थिक र भौगोलिक निकटता छ भने अर्कोतर्फ चीनसँग रणनीतिक महत्व र भूराजनीतिक सम्भावना बढ्दो क्रममा छ । यस्तो अवस्थामा नेपालले कहिले भारतप्रति बढी झुकाव देखाएको छ भने कहिले चीनसँगको सम्बन्धलाई प्राथमिकतामा राखेको छ ।

यस सन्दर्भमा प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमण अत्यन्तै महत्वपूर्ण मानिन्छ । चीनका राष्ट्रपति सी जिनपिङसँग तियानजिनमा भएको उच्चस्तरीय वार्ताले नेपालको परराष्ट्र नीति कुन दिशातर्फ अघि बढ्ने हो भन्ने प्रश्नलाई सतहमा ल्याएको छ । नेपालको परराष्ट्र नीति १९५० को दशकदेखि नै अन्तर्राष्ट्रिय मञ्चमा स्थापित हुन थालेको हो । संयुक्त राष्ट्रसंघमा १९५५ मा सदस्यता पाएपछि नेपालले आफूलाई गुट निरपेक्ष नीति (नन अलाइनमेन्ट पोलिसी)मा उभ्याएको थियो । ‘पञ्चशील’का पाँच सिद्धान्तलाई नेपालले आफ्नो परराष्ट्र नीतिको आधार मानेको छ । जसमा पारस्परिक सम्मान, आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने, समान लाभ, समान अधिकार र शान्तिपूर्ण सहअस्तित्व रहेका छन् ।

नेपालले भारतसँग १९५० को सन्धि गरेपछि भारतको सुरक्षा र रणनीतिक प्रभावमा रहनुपऱ्यो । चीनसँग सन् १९६० को दशकमा सीमा सम्झौता गरेर दुई देश बीचको सम्बन्धलाई मजबुत बनाइयो । गुटनिरपेक्ष आन्दोलन (नाम) को सक्रिय सदस्य बनेर नेपालले आफूलाई अन्तर्राष्ट्रिय राजनीति-शक्ति सन्तुलनमा तटस्थ राख्न चाह्यो । गणतन्त्र आगमनपछि नेपालको परराष्ट्र नीतिमा अझ खुलापन आएको देखिन्छ । तर आन्तरिक राजनीतिक अस्थिरता, नेतृत्वका व्यक्तिगत प्राथमिकता र सत्ता-प्रतिस्पर्धाले गर्दा नेपालको विदेशनीति प्रायः स्पष्टमार्गदर्शनविहीन रह्यो । यस्तो अवस्थामा प्रधानमन्त्री ओलीले चीनसँगको सम्बन्धलाई प्राथमिकतामा राख्नु नेपालका लागि रणनीतिक मोडको संकेत हो ।

नेपाल-चीन सम्बन्ध केवल भौगोलिक मात्र होइन, ऐतिहासिक र सांस्कृतिक सम्पर्क मार्फत पनि जोडिएको छ । तिब्बत मार्फत व्यापार, बौद्ध धर्मको सम्पर्क र हिमाली समुदायहरूको आपसी सम्बन्धले यो नजिकपनलाई मजबुत बनाएको हो । तर आजको दिनमा चीनसँगको सम्बन्ध नेपालका लागि रणनीतिक महत्व बोकेको छ । प्रधानमन्त्री ओलीलाई चीनप्रति विशेष झुकाव राख्ने नेताका रूपमा हेर्ने गरिएको छ । २०१५ मा भारतले गरेको नाकाबन्दीपछि उनले चीनसँग वैकल्पिक मार्ग खोज्ने कदम चाले । ट्रान्जिट र व्यापार सम्झौता, तेल आपूर्ति र बेल्ट एण्ड रोड इनिसिएटिभ (बीआरआई)मा नेपाललाई प्रवेश गराउनु ओलीकै कार्यकालमा सम्भव भएको हो । यसैले उनको हालैको चीन भ्रमणलाई निरन्तरता मात्र नभई नयाँ चरणको सुरुवातका रूपमा पनि बुझ्न सकिन्छ ।

तियानजिनमा भएको नेपालका प्रधानमन्त्री ओली र चीनका राष्ट्रपति सी वार्तामा दुई देशका सम्बन्धका विभिन्न आयाम समेटिएका छन् । वार्तामा विकास सहयोग मुख्य विषय बनेको थियो, जसमा नेपालका लागि मल आपूर्ति, पेट्रोलियम अन्वेषण, जलवायु परिवर्तनको प्रभाव सामना गर्ने क्षमता विकास, जनशक्ति तालिम र पूर्वाधार क्षेत्रमा चीनको सहयोग समावेश छ । यसैगरी, बेल्ट एण्ड रोड इनिसिएटिभ (बीआरआई) अन्तर्गत विगतमा हस्ताक्षर गरिएका परियोजनाहरूलाई छिटो अघि बढाउने प्रतिबद्धतामा पनि जोड दिएको छ ।

त्यसैगरी, नेपाललाई शाङ्घाई सहयोग संगठन (एससीओ) मा सदस्य बनाउन चीनसँग समर्थन मागिएको विषयमा छलफल भए । वार्तामा लिपुलेक विवाद पनि उठाइएको छ, जसमा भारत-चीन बीच भएको समझदारीमा नेपालको भूभाग समेटिएको भन्दै प्रधानमन्त्री ओलीले स्पष्ट आपत्ति जनाएका छन् । साथै, जनस्तरको सम्पर्कलाई प्रवर्धन गर्ने पक्षमा पनि सहमति बन्यो, जसमा शिक्षा, संस्कृति र पर्यटन मार्फत दुई मुलुक बीचको सम्बन्ध अझ नजिक पुऱ्याउने योजना समावेश भएको छ ।

यी एजेन्डाले नेपाल-चीन सम्बन्धलाई केवल आर्थिक वा राजनीतिक तहमा मात्र नभई सामाजिक र सांस्कृतिक तहसम्म पनि विस्तार गर्ने संकेत दिएका छन् । शाङ्घाई सहयोग संगठनमा सदस्यता पाउने नेपालकै प्रयास लामो समयदेखि चलिरहेको छ । चीन, रूस, भारत, पाकिस्तान, मध्य एशियाली देशहरू जस्ता शक्तिशाली मुलुकहरूको संलग्नतामा रहेको यस संगठनमा प्रवेशले नेपाललाई कूटनीतिक लाभ दिनेछ । ऊर्जा सुरक्षा, यातायात सञ्जाल, क्षेत्रीय सुरक्षा सहकार्य र व्यापारिक अवसर नेपालले पाउने अपेक्षा गर्न सक्छ ।

तर यो मार्ग सजिलो छैन । भारत र पाकिस्तान दुवै सदस्य रहेका कारण नेपाललाई प्रवेश गर्दा सन्तुलन कायम गर्न चुनौती हुनेछ । भारतले चीनसँग नजिकिएको नेपाललाई सधैं शंका गर्ने प्रवृत्ति राख्दछ । त्यसैले नेपालले आफ्नो सदस्यता खोज्दा भारतसँगको सम्बन्धलाई समेत सावधानीपूर्वक व्यवस्थापन गर्नुपर्ने हुन्छ । यहीं नेपालको परराष्ट्र नीतिको वास्तविक परीक्षा हुनेछ । प्रधानमन्त्री ओलीले वार्तामा लिपुलेक विवाद उठाउनु एउटा महत्वपूर्ण कदम थियो । भारत र चीन बीच भएको व्यापारिक सम्झौतामा नेपालको भूभाग समेटिनुले नेपालको सार्वभौमिकतालाई चुनौती दिएको छ । यस विषयलाई चीनको ध्यानाकर्षण गराएर ओलीले नेपालको राष्ट्रियता र भू-अखण्डतालाई उच्च प्राथमिकतामा राखेको देखाए ।

यो अडानले ओलीलाई आन्तरिक राजनीतिमा राष्ट्रवादी नेताका रूपमा प्रस्तुत गरेको छ । जनता र आम राजनीतिक वृत्तले यसलाई सकारात्मक रूपमा लिएका छन् । यस्ता मुद्दाले प्रधानमन्त्री ओलीलाई आगामी चुनाव वा सत्ता-प्रतिस्पर्धामा लाभ दिने सम्भावना पनि बोकेको छ । नेपाल-चीन सम्बन्ध नजिकिंदा भारतलाई सधैं असहज हुने गरेको छ । भारतसँग नेपालको खुला सीमा, रोजगार, व्यापार र सांस्कृतिक सम्बन्धलाई ध्यानमा राख्दा चीनसँगको नजिकपना भारतलाई रणनीतिक चुनौतीका रूपमा देखिन्छ । प्रधानमन्त्री ओलीले भारतसँग सम्बन्ध बिगार्नेभन्दा पनि सन्तुलन कायम गर्ने नीति लिएको दाबी गरे पनि व्यवहारमा भारत-नेपाल सम्बन्धमा चिसोपन आउने सम्भावना रहन्छ । यही सन्तुलन कायम गर्नु नेपालको परराष्ट्र नीतिको कठिन कार्य हो । प्रधानमन्त्री ओलीको चीन भ्रमण केवल कूटनीतिक मात्र नभई आन्तरिक राजनीतिक दृष्टिले पनि महत्वपूर्ण छ । नेपालका वामपन्थी दलहरू ऐतिहासिक रूपमा चीनसँग नजिक रहेका छन् । ओलीले चीनसँगको सम्बन्धलाई प्राथमिकतामा राखेर आफ्नो दलभित्रको प्रभाव बढाउन सक्ने देखिन्छ ।

विपक्षी दलहरूले भने यो भ्रमणलाई व्यक्तिगत छवि बनाउने प्रयासको रूपमा व्याख्या गर्नेछन् । तर नेपालमा परराष्ट्र नीति र आन्तरिक राजनीति कहिल्यै अलग-अलग रहँदैनन् । त्यसैले ओलीको यो भ्रमणले आगामी चुनाव र सत्ताको समीकरणमा असर पार्ने सम्भावना छ । बेल्ट एण्ड रोड इनिसिएटिभमा नेपाल सन् २०१७ मा सहभागी भएको हो । तर अझैसम्म ठूला परियोजनाहरू कार्यान्वयनको चरणमा पुगेका छैनन् । ओलीको भ्रमणमा यी परियोजनालाई छिटो अघि बढाउने कुरामा जोड दिइएको छ । नेपालका लागि बीआरआई अवसर हो, पूर्वाधार विकास, ऊर्जा विस्तार, व्यापारिक पहुँच र क्षेत्रीय सम्पर्कका लागि, तर यसको चुनौती पनि त्यत्तिकै छ । वित्तीय पारदर्शिता, ऋण बोझ, राष्ट्रिय स्वाधीनतामा असर र आन्तरिक राजनीतिक विवाद, यसैले नेपालले बीआरआई परियोजनालाई कसरी सन्तुलित रूपमा अघि बढाउँछ भन्ने कुरा भविष्यको प्रमुख प्रश्न हुनेछ ।

राष्ट्रपति सी जिनपिङले स्पष्ट रूपमा भनेका छन् चीन ‘समृद्ध नेपाल, सुखी नेपाली’ को लक्ष्य पूरा गर्न सहयोग गर्न इच्छुक छ । यसले चीनको दीर्घकालीन रणनीतिक सोच प्रकट गर्छ । चीन नेपाललाई आफ्नो दक्षिण एशियाली पहुँचका लागि महत्त्वपूर्ण भागको रूपमा हेर्छ । नेपालमा स्थिरता र विकास भए चीनलाई पनि आफ्नो भूराजनीतिक हित सुरक्षित गर्न सजिलो हुन्छ । त्यसैले चीनको नेपालप्रति चासो केवल विकास वा सहायतामा सीमित छैन, रणनीतिक महत्वमा पनि आधारित छ ।

प्रधानमन्त्री ओलीको चीन भ्रमणले नेपाललाई परराष्ट्र नीतिमा नयाँ मार्ग देखाएको छ । आगामी दिनमा नेपालले बहुपक्षीय सक्रियता बढाउँदै एससीओ लगायत अन्तर्राष्ट्रिय मञ्चमा आफ्नो सहभागिता सुनिश्चित गर्ने सम्भावना देखिन्छ । यससँगै भारत र चीन बीचको सन्तुलन कायम राख्नु चुनौतीपूर्ण भए पनि समान दूरीको नीति व्यवहारमा उतार्ने प्रयास निरन्तर जारी रहनेछ । आर्थिक विकासका क्षेत्रमा बीआरआई र अन्य सहयोगमार्फत पूर्वाधार, ऊर्जा र व्यापारिक सुधारका अवसरहरू विस्तार हुने अपेक्षा छ । राष्ट्रियताको दृष्टिले लिपुलेक जस्ता संवेदनशील मुद्दामा स्पष्ट अडान राख्दै नेपालको सार्वभौमिकता बलियो बनाउने प्रयास पनि अघि बढ्नेछ । यस्तै, आन्तरिक राजनीतिक सन्दर्भमा ओलीको राष्ट्रवादी छवि र चीनसँगको सक्रिय कूटनीतिले आगामी सत्ता समीकरणमा निर्णायक भूमिका निर्वाह गर्ने सम्भावना पनि छ ।

निष्कर्ष र भविष्यको मार्ग, प्रधानमन्त्री ओलीको अहिलेको चीन भ्रमणले नेपालको परराष्ट्र नीतिलाई नयाँ दिशा दिएको छ । यस भ्रमणले स्पष्ट पारेको छ कि नेपाल अब केवल आन्तरिक सुरक्षा र आर्थिक लाभमा सीमित नभई बहुपक्षीय र अन्तर्राष्ट्रिय मञ्चमा सक्रिय भूमिका निर्वाह गर्न चाहन्छ । विकास सहयोग, बीआरआई परियोजना कार्यान्वयन, एससीओ सदस्यता खोजी, लिपुलेक विवादमा स्पष्ट अडान र जन-स्तर सम्पर्क प्रवर्धन, यी सबै कदमहरूले नेपाल-चीन सम्बन्धलाई थप सुदृढ बनाउने संकेत दिएका छन् । स्तो सक्रियता भारत-चीन सन्तुलन, आन्तरिक राजनीतिक स्थिरता र राष्ट्रिय स्वाधीनताको दृष्टिले चुनौतीपूर्ण रहन्छ । तर दीर्घकालीन दृष्टिले हेर्दा, नेपालको परराष्ट्र नीति अब अधिक साहसी, रणनीतिक र अन्तर्राष्ट्रिय स्तरमा प्रभावकारी बन्ने मार्गमा छ । नेपालको आगामी कूटनीति यही मार्गमा आधारित रहँदा विकास, सुरक्षा र राष्ट्रिय हितबीच सन्तुलन कायम गर्ने क्षमता महत्वपूर्ण हुनेछ ।

प्रधानमन्त्री ओलीले देखाएको मार्ग स्पष्ट छ, सक्रिय कूटनीति, राष्ट्रियता र विकास बीचको समन्वय । आगामी वर्षहरूमा उनको यो मार्ग सफल होला या नहोला, समयले बताउला । समग्रतामा हेर्दा भने नेपालले भारत र चीन बीचको सन्तुलन कायम गर्दै आफ्नो अन्तर्राष्ट्रिय भूमिका मजबुत बनाउँदा मात्र दीर्घकालीन शान्ति र समृद्धि सुनिश्चित गर्न सक्नेछ । *(अनलाइनखबरबाट)*

### गरिबीको अँध्यारोबाट शिक्षाको उज्यालो यात्राः

# परशुराम भण्डारी र न्यू स्टार इ.बो. विद्यालयको प्रेरणादायी गाथा



✍ प्रकाश मिश्र / कैलाली

महाकाली पारीको दोधारा, बाबाथान नजिकै २०३२ साल भदौ ५ गते एक गरिब परिवारमा जन्मेका परशुराम भण्डारीको जीवन यात्रा अभाव र संघर्षका बीचबाट शिक्षाको ज्योति फैलाउने एक प्रेरणादायी गाथा हो। चरम गरिबी र प्रतिकूलतालाई चिर्दै उनी कसरी शिक्षा क्षेत्रमा एक दूरदर्शी व्यक्तित्वका रूपमा स्थापित भए र न्यू स्टार इ.बो. विद्यालयलाई 'नमूना र संस्कारयुक्त शिक्षा दिने विद्यालय' बनाउने सपना देखिरहेका छन् भन्ने कुरा उनको जीवनको हरेक पाइलामा झल्किन्छ। परशुरामको बाल्यकाल अभावै अभावमा बित्यो। दमका रोगी बुवाले आर्थिक भार धान्न नसक्दा आमाले नै खेतीपाती र घर व्यवहारको सम्पूर्ण जिम्मेवारी आफ्नो काँधमा लिएकी थिइन्। श्री लक्ष्मी नि.मा.वि., बाबाथानमा कक्षा एक उत्तीर्ण गरेपछि उनको परिवार साबिक पथरैया गाउँ पञ्चायतको मटेरामा बसाइँ सर्यो। यो बसाइँसराइले पनि उनको जीवनमा थिचोमिचो, अन्याय र अभावको चक्रलाई निरन्तरता दियो।

यी सबै प्रतिकूलताका बाबजुद परशुरामकी आमाले उनलाई विद्यालय पठाउन कहिल्यै छोडिनन्। आमाको अथक प्रयास र शिक्षाप्रतिको गहिरो विश्वासले गर्दा परशुरामले मटेराबाट करिब ५/६ किलोमिटर टाढा रहेको अरुणोदय माध्यमिक विद्यालय, खैरिफाटामा कक्षा दुईमा भर्ना भए। दैनिक एक घण्टा पैदल हिँडेर विद्यालय पुग्ने र फर्किने उनको दैनिकी थियो। त्यो समयमा बिजुली वा मोबाइलको सुविधा थिएन। राति मट्टीतेलको टुकी बालेर पढ्नुपर्थ्यो। कपी, कलम र विद्यालय पोसाकको जोहो गर्न पनि आमालाई हम्मे-हम्मे पर्थ्यो। कहिले ज्याला मजदुरी गरेर त कहिले कटासे बजारमा तरकारी बेचेर आमाले उनको पढाइको व्यवस्था मिलाइदिन्थिन्।

उनको जीवनमा एउटा अविस्मरणीय घटना २०४६ सालमा भयो। मंसिर १५ गते कक्षा ७ को जिल्लास्तरीय परीक्षा सुरु हुनुभन्दा ठीक छ दिनअघि, उनले आफ्नो बुवा गुमाए। किरियामा बसेकै अवस्थामा पनि अग्रजहरूको सहयोगमा उनले परीक्षा दिए र उत्तीर्ण मात्र भएनन्, कक्षामा दोस्रो स्थान हासिल गरेर आफ्नो दृढ संकल्पलाई प्रमाणित गरे। संघर्ष र लगनशीलताका साथ अघि बढ्दै उनले २०४९ सालमा प्रवेशिका परीक्षा उत्तीर्ण गरे।

**शिक्षण पेशामा प्रवेश र शैक्षिक नेतृत्वको विस्तार**

गरिबी र अभावले नै परशुरामलाई शिक्षण पेशामा प्रवेश गर्न बाध्य बनायो। सुरुमा उनले आफ्नो टोलका भाइबहिनीहरूलाई पढाउन थाले, जसबाट उनलाई केही आम्दानी पनि हुन थाल्यो। यस क्रममा, लम्कीको 'बड सार्वजनिक विद्यालय' बाट मासिक रू. १,००० मा पढाउने प्रस्ताव आयो र उनी त्यहाँ शिक्षक भए। त्यसपछि उनले 'श्री लम्की सार्वजनिक विद्यालय' को प्रधानाध्यापक भएर काम गर्ने अवसर पाए, जहाँ मासिक तलब रू. २,५०० थियो।

२०५० सालमा विवाहपछि पनि उनको उच्च शिक्षाको यात्रा जारी रह्यो। २०५२ सालमा उनी सिद्धनाथ बहुमुखी क्याम्पस, महेन्द्रनगरमा गएर प्रवीणता प्रमाणपत्र तह (गणित) विषय लिएर पढ्न थाले। त्यहीँ उनको भेट लिटिल एन्जल्स विद्यालयका संस्थापक दयाराम चौधरीसँग भयो।

लगातार प्रधानाध्यापकको भूमिकामा रहेका परशुरामलाई २०५४ सालको अन्त्यतिर दयाराम चौधरी र सोमेन्द्र चौधरीले सुखडमा नयाँ विद्यालय खोल्न र त्यसको नेतृत्व गर्न अनुरोध गरे। धेरै आग्रहपछि उनी तयार भए र २०५५ सालमा उनको नेतृत्वमा 'लिटिल एन्जल्स विद्यालय' सुखडमा स्थापना भयो। उनले दुई वर्षसम्म संस्थापक प्रधानाध्यापक भएर विद्यालयलाई एउटा नमूनाका रूपमा स्थापित गरे। त्यसपछि उच्च शिक्षाका लागि विद्यालय छोडे पनि अभिभावकहरूको आग्रहमा उनले घोटिनिया जनकपुर चोक नजिकै 'पिसलाइट विद्यालय' खोलेर संस्थापक/प्रधानाध्यापक भएर २०५७/०५८ सम्म चलाए।

**शिक्षामा संस्कार र व्यवहारिक ज्ञानको पैरवी**

जब परशुराम भण्डारी पहिलोपटक प्रधानाध्यापक भए, उनको मनमा एउटा कुरा सधैं खेलिरहन्थ्यो– 'विद्यार्थीमा अनुशासन, नैतिकता, असल कर्म र मिहिनेतको संस्कार कसरी विकसित गराउने?' उनको शैक्षिक दर्शनले किताबी ज्ञानसँगै जीवनोपयोगी सीप र व्यवहारिक शिक्षा मा जोड दिन्छ। यसै अनुरूप, उनले विद्यालयमा विभिन्न रचनात्मक कार्यक्रमहरू लागू गरे। उनले 'पुस्तकमुक्त दिवस' को अवधारणा ल्याए, जहाँ विद्यार्थीहरूले पाठ्यक्रम बाहिरका गतिविधि र सीप विकासमा केन्द्रित भएर काम गर्थे। साथै, उनीहरूले मानव बेचबिखन र लागू औषध विरुद्ध जनचेतनामूलक कार्यक्रमहरू पनि चलाए।

भण्डारीको विश्वास छ कि 'सम्बन्धसुधार' शिक्षा सुधारको पहिलो खुड्किलो हो। उनले शिक्षक र विद्यार्थीबीचको सम्बन्धलाई सुदृढ बनाउन 'हृदय संवाद' जस्ता कार्यक्रमहरू सञ्चालन गरे। शिक्षकहरूलाईनम्र, उदाहरणीय र असल संस्कारी बन्न तालिम दिए। विद्यार्थीको मनोविज्ञान बुझेर उनीहरूको रुचि र क्षमता अनुसार पढाउन प्रेरित गरे। दण्ड जरिवानाको सट्टा माया र स्नेहको प्रयोग गरी विद्यार्थीलाई सकारात्मक तरिकाले सिकाउन उनले जोड दिए।

**आधुनिक प्रविधि र सामुदायिक सहकार्य**

न्यू स्टार विद्यालयले आधुनिक शिक्षण प्रविधि र नवीन कार्यहरूको सफल कार्यान्वयन गरिरहेको छ। भण्डारी भन्छन्, "प्रविधि र नवप्रवर्तन शिक्षामा रङ मात्र होइन, गहिराइ पनि थप्ने साधन हुन्।" यसै मान्यताका साथ विद्यालयले शैक्षिक भिडियो, स्मार्ट बोर्ड, र अन्य मल्टिमिडिया सामग्रीहरूको प्रयोग गरिरहेको छ। 'डिजिटल दूरी दिवस' जस्ता कार्यक्रम चलाएर विद्यार्थीहरूलाई प्रविधिको सीमित र सकारात्मक प्रयोग सिकाउँछ।

भण्डारीको दृष्टिमा, विद्यालय केवल शिक्षण सिकाइको केन्द्र मात्र नभएर समाज रूपान्तरणको आधारशिला पनि हो। त्यसैले, उनले समुदाय र विद्यालयबीचको सहकार्यलाई अनिवार्य मान्छन्। विद्यालयले समुदायको संस्कार र आवश्यकतालाई ध्यानमा राखेर विभिन्न कार्यक्रमहरू आयोजना गर्छ, जसमा अभिभावकहरूलाई पनि सहभागी गराइन्छ। विद्यार्थीद्वारा आफ्ना अग्रजहरूलाई आदर-सत्कार गर्ने कार्यक्रमहरू गरेर समुदायमा सकारात्मक सन्देश प्रवाह गरिन्छ।

**गौरवशाली लक्ष्य र सफलताको परिभाषा**

न्यू स्टार इ.बो. विद्यालयको लक्ष्य घोडाघोडी नगरपालिकामा मात्र नभई राष्ट्रिय स्तरमै एक उत्कृष्ट र आदर्श नमूना विद्यालयको रूपमा स्थापित हुनु हो। यसका लागि उनीहरूले गुणस्तरीय शिक्षासँगै विद्यार्थीमा राष्ट्र प्रेम, असल चरित्र र स्वावलम्बनको भावना विकास गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिरहेका छन्। परशुराम भण्डारीका लागि सफलता भनेको आत्मसन्तुष्टि हो, जुन सकारात्मक, सत्य र परिवर्तित समाज रूपान्तरणउन्मुख प्रयासबाट प्राप्त हुन्छ। उनी भन्छन्, "सफलता भनेको समाजमा बालबालिकाहरूलाई असल संस्कारबाट सु-सज्जित गराई जीवनोपयोगी गुणस्तरीय शिक्षा प्रदान गरेर राष्ट्रका लागि योगदान गर्न सक्ने दक्ष राष्ट्रभक्त नागरिक उत्पादन गर्नु हो।"यो सपना साकार पार्न न्यू स्टार इ.बो. विद्यालयले संस्कारसहितको शिक्षा र जीवनोपयोगी सीपमा आधारित व्यावहारिक शिक्षालाई प्राथमिकता दिइरहेको छ। निकट भविष्यमा विद्यालयलाई 'नमूना र संस्कारयुक्त शिक्षा दिने विद्यालय' बनाउने उनको बलियो लक्ष्य र अभियानले भावी पुस्ताका लागि एक उज्ज्वल भविष्य निर्माण गर्न महत्वपूर्ण योगदान पुऱ्याउनेछ।

# सूचीकृत नभएका सामाजिक सञ्जाल निष्क्रिय

काठमाडौं। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले मन्त्रालयमा सूचीकृत नभएका सम्पूर्ण सामाजिक सञ्जाल प्लेटफर्म क्रमशः निष्क्रिय बनाइने भएको छ। सञ्चार मन्त्रालयमा बिहीबार बसेको मन्त्रीस्तरीय बैठकले दूरसञ्चार तथा इन्टरनेट सेवाको नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणलाई निष्क्रिय बनाउन निर्देशन दिएको हो। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले नेपालमा सूचीकरण हुन नआएका सामाजिक सञ्जाल प्लेटफर्मलाई सूचीकरणका लागि बारम्बार सूचित गरेको थियो तर सम्बन्धित कम्पनीले अटेर गरेपछि मन्त्रीपरिषद्ले यस्तो निर्देशन दिएको हो। सर्वोच्च अदालतको आदेश र मन्त्रीपरिषद्को भदौ ९ गतेको निर्णय कार्यान्वयन गर्न परमादेश जारी भएपछि मन्त्रालयले यस्तो प्रक्रिया थालेको हो। सरकारले पटक पटक सूचना जारी गरी जानकारी गराउँदा पनि प्लेटफर्मले अटेर गरेकाले बाध्य भएर निष्क्रिय बनाउने अवस्था आएको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले बताए। "हाम्रो उद्देश्य सामाजिक सञ्जाललाई सधैँ बन्द गर्ने होइन। उनीहरू सम्पर्कमा आउनासाथ पुनः नियमित हुने छ," उनले भने, "सूचीकृत भइसकेका र प्रक्रियामा रहेका बन्द हुँदैनन्, निर्वाध रूपमा चल्छन्।"

सञ्चार मन्त्रालयका प्रवक्ता गजेन्द्रकुमार ठकुरले हालसम्म टिकटक, भाइबर, विटक, निम्बज र पोपो लाइभ गरी पाँच वटा सामाजिक सञ्जाल सूचीकृत भएको जानकारी दिए। ती सामाजिक सञ्जालमध्ये टिकटक २०८१ साल असोज १६ गते, विटक २०८१ साल कात्तिक ८ गते, भाइबर २०८१ फागुन २४ गते, निम्बज २०८२ वैशाख २१ गते र पोपो लाइभ भर्खरै मात्रै दर्ता भएका हुन्। टेलिग्राम, ग्लोबल डाइरी र हाम्रो पात्रो सूचीकृत



हुने प्रक्रियामा रहेको उहाँले बताए। "मन्त्रालयले गरेको एक अध्ययन अनुसार नेपालमा हाल २५ वटा सामाजिक सञ्जाल प्लेटफर्म बढी सक्रिय रूपमा प्रयोग भएका छन्। कति वटा बन्द हुन्छ यकिन छैन," उनले भने। सामाजिक सञ्जालले जातीय, धार्मिक, सांस्कृतिक सद्भाव बिगारेका कारण निष्क्रिय बनाउन नखोजिएको प्रवक्ता ठाकुरले जिकिर गरे। नेपाल सरकारको ऐन कानुनलाई परिपालन गरेर सूचीकरण हुन नआएपछि निष्क्रिय बनाउने अवस्थामा पुगेको उनको भनाइ छ।

"कुनै पत्रिका वा अनलाइन दर्ता नगरी चलाउन सकिँदैन। कुनै पनि संस्था दर्ता नगरी सञ्चालन गर्न सकिँदैन। सामाजिक सञ्जाल सञ्चालकले विश्वभर दर्ता गरेर व्यापार गरिरहनुभएको छ भने नेपालमा पनि दर्ता हुनु पर्‍यो," उनले भने, "नेपालमा चलाउँदा दर्ता गरेर चलाउनु पर्छ भन्ने मात्रै हो। हामीले सामाजिक सञ्जाल सञ्चालकलाई मन्त्रालय अन्तर्गत सूचीकृत हुन अनुरोध मात्रै गरेको हो। कुनै सम्पर्कविन्दुका रूपमा तोक्नुस् भनेका हौँ। नेपालमा कुनै कार्यालय वा अन्य कुनै प्रावधान राख्नु भनिएको छैन।" सबै सामाजिक सञ्जाल कानुनबमोजिम सूचीकृत भए निर्वाध रूपमा सञ्चालन हुने उनले बताए।

यसैबिच सामाजिक सञ्जाल निष्क्रिय गर्ने निर्णय कार्यान्वयन गरिने भएसँगै फेसबुकको मातृसंस्था मेटाले सरकारको निर्णय कार्यान्वयन गर्नका लागि पत्राचार गरेको भन्ने विषय निराधार रहेको मन्त्रालयले जनाएको छ। सञ्चारमन्त्री गुरुङले बिहीबार साँझसम्म मेटा आधिकारिक रूपमा मन्त्रालयको सम्पर्कमा नआएको जानकारी दिए। नेपाल दूरसञ्चार प्राधिकरणले २६ वटा सामाजिक सञ्जाललाई निस्कृय बनाउन सवै सेवा प्रदायकलाई पत्राचार गरी निर्देशन दिएको छ। सञ्चार मन्त्रायलको निर्देशन पछि प्राधिकरणले यस्तो निर्देशन दिएको विहीवार जारी विज्ञप्ति मार्फत जनाएको छ।

**इन्टरनेट प्रदायकले निर्णय कार्यान्वयन गर्ने**

इन्टरनेट सेवाप्रदायक एसोसिएनका अध्यक्ष सुधीर पराजुलीले सामाजिक सञ्जाल दर्ता नगरे बन्द गर्ने सरकारको निर्णय कार्यान्वयन गर्ने जानकारी दिए। एसोसिएसनले बिहीबाार साँझ विज्ञप्ति जारी गर्दै यस कारण ग्राहकलाई पुग्न गएको क्षति र असुविधाप्रति क्षमायाचना गरेको छ। साथै २६ वटा सामाजिक सञ्जालबाहेकका अन्य सामाजिक सञ्जाल निर्वाध रूपमा चल्ने जनाएको छ।

यसैबिच नेपाल टेलिकम, एनसेल र वर्ल्ड लिङ्कले सरकारको निर्णय कार्यान्वयन गरिसकेको जनाएका छन्। नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार हाल देशैभर १०८ इन्टरनेट प्रदायक कम्पनी छन्। सरकारले सामाजिक सञ्जाल सञ्चार मन्त्रालयमा सम्पर्कविन्दुका रूपमा दर्ता गर्न तीन पटक सूचना जारी गरेको थियो। सरकारले सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्न २०८० मङ्सिर ११ गते निर्देशिका जारी गरेको थियो।

**निष्क्रिय हुने सामाजिक सञ्जाल**

फेसबुक, फेसबुक (मेसेन्जर), इन्स्टाग्राम, युट्युब, ह्वाट्सएप, ट्विटर, लिङ्कडइन, स्न्यापच्याट, रेडिट, डिस्कर्ड, पिनइन्ट्रेस्ट, सिग्नल, थ्रेड्स, विच्याट, कोरा, टम्ब्लर, क्लबहाउस, मास्टडोन, रम्बल, मिवी, भिके, लाइन, इमो, जालो र सोल।

# चाडपर्वका बेला....

उपकरण पुग्ने र चार घण्टाभित्र यातायात सुचारु गर्ने नीति सडक विभागले लिएको छ। बाढी पहिरोका कारण राजमार्ग बन्द हुन गएको अवस्थामा मर्मतका लागि २७७ वटा उपकरण तयारी अवस्थामा राखिएको छ। जसमध्ये १५४ वटा उपकरण सम्भावित जोखिमका विभिन्न स्थानमा परिचालन गरिरहेको र १२३ वटा सडक विभाग मातहतका विभिन्न कार्यालयमा तयारी अवस्थामा राखिएको जैसी बताउँछन् । गत वर्षभन्दा यस वर्ष थप १३ वटा उपकरण तयारी अवस्थामा राखिएको हो ।

**नेपाल र चीन पुल बगेपछि चाडपर्वमा महँगी बढ्ने**

नेपाल र चीन जोड्ने प्रमुख दुई नाका जोडिने सडक पूर्वाधार बाढी पहिरोका कारण अवरुद्ध भएपछि चाडपर्वमा महँगी बढ्ने आकलन गरिएको छ। बाढी पहिरोले चीनसँग जोड्ने सडक अवरुद्ध गर्दै मूल्यवृद्धिलाई प्रोत्साहन गरिरहेको भन्दै सांसदहरूले चिन्ता व्यक्त गरेका छन् । आइतबार बसेको प्रतिनिधिसभा अन्तर्गतको पूर्वाधार विकास समितिको बैठकमा यसबारे लामै छलफल चल्यो। बैठकमा चाडवाडको बेला महँगी बढ्ने मात्र होइन, राजस्व समेत गुम्ने चिन्ताको चर्चा भयो । खासगरी बाढी पहिरोले अवरुद्ध भएका सडक पूर्वाधार समयमै मर्मत सम्भार नहुँदा त्यसले निम्त्याउने बहुआयामिक असरबारे संसदीय समितिमा छलफल चल्यो ।

गत साउन १८ गते सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका-२ स्थित इकोमा पहिरोले करिब २५० मिटर सडक प्रभावित भएको छ। जसमध्ये ५० मिटर खण्ड पूर्ण रूपमा क्षतिग्रस्त छ । पहिरो पन्छाएर बाटो खुलाउने प्रयास गरिए पनि माथिको बस्ती जोखिममा परेको भन्दै स्थानीयले विरोध गर्दै भित्ता काट्न रोक लगाएका छन् । अर्कोतर्फ चीनसँग जोडिने अर्को नाका रसुवागढीतर्फ सिमानामै पुल भत्किएर अवरुद्ध छ । समितिमा बोल्दै सिन्धुपाल्चोकबाट प्रतिनिधित्व गर्ने सांसद माधव सापकोटाले कोदारीको पहिरो (इको पहिरो)को तत्काल र दीर्घकालीन व्यवस्थापन गर्न नसके आसन्न चाडपर्वमा मूल्यवृद्धि हुने बताए।

'बर्सातमा यो एकदम राष्ट्रिय मुद्दा बन्छ, हिउँद लागेपछि पानी रोकिन्छ र गाडी चल्न थालेपछि यो विषय ओइलाएर जान्छ । तर, स्थानीयको समस्या ज्यूँका त्यूँ छ। पहिरोका कारण हाल त्यस क्षेत्रका ७५ घर उच्च जोखिममा छन्, १२ वटा घर पूर्ण रूपमा बस्न नमिल्ने गरी क्षति भएका छन्', सांसद सापकोटाले भने, 'अर्बौंको लगानीमा बनेका गुम्बा, विद्यालय तथा प्रहरी चौकी जस्ता सार्वजनिक संरचनासमेत खतरामा रहेको छ। भूगर्भविद्हरूले उक्त क्षेत्रलाई मानवीय बसोबासका लागि अयोग्य भन्दै 'रातो' लगाइएको तत्काल मानवीय र भौतिक क्षतिको ठुलो जोखिम छ।'

पहिरो स्थानीय समस्या मात्र नभई राष्ट्रिय अर्थतन्त्र र आम उपभोक्ताको भान्सासँग समेत जोडिएको उनले बताए । 'गत वर्ष तातोपानी नाकाले १३ अर्ब राजस्व सङ्कलन गरेको थियो, यो वर्ष २४ अर्बको लक्ष्य छ । अहिले केरुङ नाकाको अवस्था पनि सहज छैन, यता कोदारी पहिरोले हजारभन्दा बढी मालवाहक कन्टेनर बाटोमा अलपत्र छन्। चाडपर्वको मुखमा उत्तरतर्फका दुवै नाका अवरुद्ध हुँदा बजारमा खाद्य सामग्री, लत्ताकपडा लगायतका वस्तुको अभाव भई मूल्यवृद्धिले आकाश छुन्छ। त्यसको प्रत्यक्ष मार आम नागरिकलाई पर्छ', उनले भने। जोखिमयुक्त क्षेत्रमा चिनियाँ पक्षसँग सहकार्यमा दीर्घकालीन समाधानका लागि टनेल तथा बेली ब्रिजको योजना रहेको सडक विभागका महानिर्देशक डा. विजय जैसीले बताए।

'कोदारी राजमार्ग २०७२ सालदेखि नै जोखिमयुक्त रहेकोले चिनियाँ पक्षसँग सहकार्यमा दीर्घकालीन समाधानका लागि टनेल तथा बेलीब्रिजको योजना छ । यद्यपि तत्कालका लागि पहिरो नियन्त्रणका उपायहरू प्रयोग भइरहेको छ', उनले भने, 'रसुवागढी नाकामा ठूलो पहिरो र मितेरी पुल बगेको हुँदा चिनियाँ पक्षसँग सहकार्य गरी पुनः बेलीब्रिज राख्ने तयारी भइरहेको छ। सम्पूर्ण अवरोध हटाउन अझै केही दिन लाग्ने अनुमान छ।'

'हाम्रो राजस्व परिचालनमा पनि समस्या हुन्छ। आपूर्ति व्यवस्थामा पनि धेरैजसो बजार आपूर्ति गर्ने भएकोले शुरूआतदेखि नै धेरै महत्त्व दिएका छौं । दुर्भाग्य अघिल्लोचोटी रसुवागढी सडक बग्यो। बगाएपछि हामीले सात दिन भित्र नै खोल्यौं', उनले भने, 'रसुवागढीसम्म सात दिनभित्र हामीले खोल्नका लागि खोल्यौं। सीमा पुल पनि भत्केको थियो। त्यो दुई पक्षीय सहमतिमा मात्रै बनाउनु पर्थ्यो। चीनले अस्थायी बेलीब्रिज राख्ने र पछि पक्की पुल बनाउने गरी सहमति भएको थियो । तर त्यो बिचमा एउटा हाम्रोपट्टि पनि फेरि त्यस्तै बाढी आएर अरू थप नयाँ ठाउँमा भत्काइदियो। चिनियाँ एम्बेसडरले हामी यो चाडबाड अगाडि बनाउँछौं भनेर जानुभएको हुनाले एकदम उत्साहित थियौं । तर त्यो दोस्रो फ्लडपछि उहाँहरूले नाप्नुभयो। त्यहाँ १०० मिटरको पुल चाहिने भयो । ५० मिटर भन्दा लामो बेलीब्रिज बनाउन साह्रै कठिन हुन्छ।'

शर्माले आउदे दसैंअगाडि त्यो बेलीब्रिज बनिसक्ने अवस्था नरहेको बताए। उनले अरू विकल्प छ भनेर अरनिको राजमार्गतिर पनि प्रयास गरिराखेको जानकारी दिए । 'अरनिकोमा हामीले भएसम्मका सडकहरू साना साना ठेक्का पनि लगाएका छौं। त्यहाँ बगाएको ठाउँमा बेलीब्रिज तीनवटा पनि लगाएका छौं। तर एकातिर कस्तो दुर्भाग्य छ भने हाम्रो चीनसँग जोड्ने दुइटै सीमा चाहिँ हाम्रो भौगोलिक हिसाबले पनि साह्रै अप्ठ्यारो छ', शर्माले भने।

उनका अनुसार हेवा खोला बेलीब्रिज भारतको सहयोगमा मर्मत भएको छ। नेपाली प्राविधिकलाई तालिम दिइएकाले भविष्यमा यस्ता पुल स्वदेशमै निर्माण गर्ने क्षमता विकास भएको छ । 'मुग्लिन-नारायणगढ सडकमा पहिरो नियन्त्रण भइसकेकाले हाल सहज यातायात भइरहेको छ। सडक बन्द वा समस्या भए तत्काल मन्त्रालयको वेबसाइट, मोबाइल एप, एफएम र ट्राफिक प्रहरीले जानकारी दिने व्यवस्था मिलाइएको छ', उनले भने।

**राजमार्ग मर्मतका लागि मात्रै १४ अर्ब आवश्यक**

देशभर ८० राष्ट्रिय राजमार्ग अर्थात् कुल १४ हजार ९१३ किलोमिटर सडक मर्मत-सम्भारका लागि करिब १४ अर्ब रुपैयाँ लाग्ने एक अध्ययनले देखाएको छ । तर सरकारले चालु आर्थिक वर्ष २०८२/८३ का लागि ४ अर्ब २८ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ। यो बजेट सडक मर्मत सम्भारका लागि अत्यन्त न्यून भएको सडक बोर्डका कार्यकारी निर्देशक गणेशबहादुर केसी बताउँछन् । 'राज्यबाट प्राप्त बजेट न्यून छ । यो बजेटले मर्मतका कामहरु प्रभावित हुने देखिन्छ । १३ अर्बभन्दा बढी आवश्यक छ। हामीले बजेट कम आउने थाहा पाएपछि अर्थमन्त्रीकहाँ गएर आवश्यक बजेट मागेका थियौं,' उनी भन्छन्।

नेपाल सडक बोर्ड ऐन २०५८ अनुसार सवारी दर्ता गर्दा सडक मर्मतका लागि राज्यले लेबी लिँदै आएको छ। यसको शुल्क पेट्रोलमा चार रुपैयाँ र डिजेलमा दुई रुपैयाँ छ। भन्सार कार्यालयमा सङ्कलन गरेर साप्ताहिक रूपमा सडक बोर्डको खातामा पठाइँदै आएको छ। केसीका अनुसार क्षेत्रीय कार्यालय इटहरी, मुग्लिन, बुटवल र नेपालगञ्जमा एनुअल रोड मेन्टेनेन्स प्लान अनुसार उक्त अध्ययन गरिएको हो। अध्ययन प्रतिवेदन गत जेठ ९ गते काठमाडौंमा सार्वजनिक गरिएको थियो। प्रतिवेदनले १३ अर्ब ८१ करोड रुपैयाँ बराबर सडक मर्मतका लागि आवश्यक पर्ने देखाएको छ।

कुल बजेटको ७० प्रतिशत सडक विभागअन्तर्गतको सडक मर्मतका लागि खर्च हुन्छ भने ३० प्रतिशत स्थानीय तहका सडक मर्मतका लागि विनियोजन हुँदै आएको छ । नेपाल सडक बोर्ड ऐन २०५८ अनुसार सवारी दर्ता गर्दा सडक मर्मतका लागि राज्यले लेबी लिँदै आएको छ । यसको शुल्क पेट्रोलमा चार रुपैयाँ र डिजेलमा दुई रुपैयाँ छ। भन्सार कार्यालयमा सङ्कलन गरेर साप्ताहिक रूपमा सञ्चित कोषमा पठाइँदै आएको छ । त्यस्तै, टोलगेट लाइसेन्स दर्ता, नवीकरण लगायतबाट शुल्क सङ्कलन हुने गरेको छ।

केसीका अनुसार हाल एक खर्ब ८३ अर्बमध्ये एक खर्ब ६५ अर्ब जति सङ्कलन भएकोमा एक खर्ब १३ अर्ब सञ्चित कोषमा जम्मा भएको छ। तर उक्त रकम बोर्डले सिधै प्रयोग गर्न सक्ने व्यवस्था नहुँदा सडक उचित मर्मत गर्न नसकेको केसी बताउँछन् । 'सडक मर्मतका लागि संकलित रकम सिधै प्रयोग गर्न मिल्दैन । राज्यले छुट्याएको बजेट उपयोग गर्नुपर्छ,' उनी भन्छन्, 'त्यो रकम बोर्डले सिधै उपयोग गर्न पाउने भएको भए आज सडक पूर्वाधारको यो दुरावस्था हुने थिएन।'

**कुन वर्ष कति बजेट खर्च ?**

गत आर्थिक वर्ष २०८१/८२ मा कुल विनियोजित बजेटमध्येबाट ९९.३४ प्रतिशत रकम खर्च भएको केसी बताउँछन् । आर्थिक वर्ष २०७९/८० मा ८ अर्ब ६ करोड २ लाख रुपैयाँ सडक बोर्डका लागि निकासा भएकोमा ६ अर्ब ७४ करोड १ लाख रुपैयाँ खर्च भएको थियो। पुँजीगत खर्च १ अर्ब ३२ करोड १ लाख रुपैयाँ छ। आर्थिक वर्ष २०८०/८१ मा ४ अर्ब ६० करोड ४३ लाख रुपैयाँ सडक मर्मतमा खर्च भएको थियो।

यसमध्ये ३ अर्ब ६६ करोड ५० लाख रुपैयाँ र ९३ करोड ९३ लाख रुपैयाँ मात्र पुँजीगत खर्च भएको छ। यस्तै गत आर्थिक वर्ष २०८१/८२ मा ४ अर्ब २१ करोड ४० लाख रुपैयाँ विनियोजन गरेकोमा ४ अर्ब २१ करोड ४० लाख रुपैयाँ चालु खर्च भएको छ भने पुँजीगत खर्च उल्लेख नै छैन । चालु वर्षका लागि ४ अर्ब २८ करोड २४ लाख रुपैयाँ विनियोजन गरेको छ।

# यस वर्ष दशैंमा.....

१०० का साना दरका नोट सटहीको सुविधा दिँदै आएको थियो।

दसैंमा नयाँ नोट छापेर बजारमा पठाउने, तिनै नोट चाडपर्वमा प्रयोग गर्दा छिट्टै बिग्रने गरेको हुँदा यसलाई कमी गर्न राष्ट्र बैंकले गत वर्ष पनि नयाँ नोट वितरण गर्न बन्द गरेको थियो।

# सिटिजन्स बैंकका गण्डकी, कर्णाली र सुदूरपश्चिमका शाखामा सेमिनार

काठमाडौं । सिटिजन्स बैंक इन्टर नेसनलले गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका आफ्ना शाखामा सेमिनार आयोजना गरेको छ। बैंकले 'इन्स्पाएरिङ लिडरसिप एन्ड पर्फमेन्स सेमिनार : अचिभिङ बजेट गोल्स एन्ड अपेरेसनल सक्सेस इन गण्डकी, कर्णाली एन्ड सुदूरपश्चिम' नामक कार्यक्रम आयोजना गरेको छ । सेमिनारमा बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेल, नायब प्रमुख कार्यकारी अधिकृत र वरिष्ठ कार्यकारीहरूको उपस्थिति रहेको थियो।

सेमिनारमा गत आर्थिक वर्षको कार्यप्रगति समीक्षा एवं चालू आर्थिक वर्षका प्राथमिकतामा छलफल गर्दै केन्द्र र प्रदेशबिच सहकार्य सुदृढ गर्ने विषयमा गहिरो अन्तर्क्रिया भएको बैंकले जनाएको छ । हालै मधेश, बागमती र कोशी प्रदेशमा यस्तै प्रकारको सेमिनार सञ्चालन गरिएको थियो । त्यसैको निरन्तरतास्वरूप गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा काठमाडौंलाई केन्द्र बनाएर त्यसै किसिमको सेमिनार गरिएको बताइएको छ । बैंकले गत आवको असार मसान्तसम्म कर्जा, निक्षेप, खुद ब्याज आम्दानीजस्ता सूचकमा दोहोरो अंकको वृद्धि गर्दै कोषको लागत घटाउने, बेस रेट कम गर्ने तथा कर्जा जोखिम व्यवस्थापनमा उल्लेखनीय सुधार गर्ने सफलता हासिल गरेको छ।

# महालक्ष्मी विकास बैंक इन्डियन चेम्बर अफ कमर्सबाट सम्मानित

काठमाडौं । महालक्ष्मी विकास बैंक इन्डियन चेम्बर अफ कमर्स, कोलकाता, भारतको प्रतिष्ठित अवार्डबाट सम्मानित भएको छ । बैंक 'सम्पत्ति गुणस्तर'अन्तर्गतको विधामा सम्मानित भएको हो । शुक्रबार नयाँदिल्लीमा आयोजित 'तेस्रो इमर्जिङ एसिया बैंकिङ कनक्लेभ एन्ड अवार्ड्र्स' कार्यक्रममा बैंकले उक्त सम्मान प्राप्त गरेको हो ।

बैंकले सम्पत्तिको संरचना तथा यसको प्रभावकारी परिचालन र गुणस्तर सुधारमा उल्लेखनीय कार्य गरेबापत उक्त अवार्ड प्राप्त गरेको बताइएको हो । यो अवार्ड पाएसँगै अन्तर्राष्ट्रिय क्षेत्रमा बैंकको पहिचान स्थापित गर्न सहयोग पुग्ने विश्वास बैंकले लिएको छ ।

# बिमा कम्पनी.....

यसअघि जीवन, लघु जीवन र लघु निर्जीवन बिमा कम्पनीले यसमा न्यूनतम २५ प्रतिशत लगानी गर्नुपर्ने व्यवस्था थियो । निर्जीवन र पुनर्बिमा कम्पनीले भने २० प्रतिशतको अनुपातमा लगानी गर्नुपर्ने व्यवस्था थियो । वाणिज्य बैंकको मुद्दती निक्षेपमा गर्नुपर्ने लगानीको सिमा भने यथावत् राखिएको छ । सबै प्रकृतिका कम्पनीले वाणिज्य बैंकको निक्षेपमा न्यूनतम ३० प्रतिशतको अनुपातमा लगानी गर्नुपर्छ ।

# गरिमालाई 'उत्कृष्ट बैंक'को अवार्ड

काठमाडौं । गरिमा विकास बैंक लिमिटेडले 'उत्कृष्ट बैंक'को अवार्ड प्राप्त गरेको छ । इन्डियन च्याम्बर अफ कमर्सले बैंक तथा वित्तीय संस्थाहरूलाई प्रदान गर्ने दक्षिण एसियाकै प्रतिष्ठित अवार्ड 'इमर्जिङ एसिया बैंकिङ कनक्लेभ एन्ड अवार्डस्'बाट गरिमा सम्मानित भएको हो । हालै भारतको नयाँदिल्लीमा आयोजित तेस्रो इमर्जिङ एसिया बैंकिङ कनक्लेभ एन्ड अवार्डस् कार्यक्रममा गरिमा विकास बैंक 'दी बेस्ट बैंक' र 'बेस्ट एआई-एमएल इम्प्लिमेन्टेसन' विधामा उत्कृष्ट भएको हो । त्यस्तै, एमएसएमई विधामा रनर अपको अवार्ड प्राप्त गरेको हो । यस अवार्डमा नेपालसहित भारत, बंगलादेश, म्यानमार र श्रीलंकामा रहेका बैंक तथा वित्तीय संस्थाहरूको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा गरिमा विकास बैंक लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत माधवप्रसाद उपाध्याय र नायब प्रमुख कार्यकारी अधिकृत अनिल रेग्मीले संयुक्त रूपमा उक्त अवार्ड थापेका हुन् । इन्डियन च्याम्बर अफ कमर्सद्वारा सन् २०२४ मा आयोजित दोस्रो इमर्जिङ एसिया बैंकिङ कनक्लेभ एन्ड अवार्डस् कार्यक्रममा समेत यस विकास बैंकले अवार्ड जितेको थियो । यस उपाधिले आफ्ना ग्राहकलाई निरन्तर सरल, सुरक्षित एवं गुणस्तरीय सेवा प्रदान गर्ने विकास बैंकको लक्ष्यमा थप ऊर्जा प्रदान गरेको बैंकले उल्लेख गरेको छ ।

# 'एनआइसी एसिया साथी घर कर्जा'

काठमाडौं । सपना तपाईंको, साथ हाम्रो भन्ने नाराका एनआइसी एसिया बैंकले तीन करोडसम्म घर कर्जा प्रदान गर्ने गरी 'एनआइसी एसिया साथी घर कर्जा' योजना सार्वजनिक गरेको छ। बैंकका अनुसार न्यूनतम ५० लाखदेखि अधिकतम तीन करोडसम्म प्रदान गरिने एनआइसी एसिया साथी घर कर्जाअन्तर्गत घर तथा अपार्टमेन्ट खरिद गर्न, घर निर्माण तथा पुनःनिर्माण गर्न र घडेरी खरिद गर्न कर्जा उपलब्ध हुनेछ। सहज कर्जा प्रक्रियाबाट प्रदान गरिने कर्जा अवधि अधिकतम २५ वर्ष रहेको छ। घर खरिद तथा निर्माण गर्ने ग्राहकको सपना साकार पार्न ठोस टेवा पुऱ्याउने उद्देश्यले ल्याएको कर्जा योजनाअन्तर्गत पहिलोपटक घर खरिद वा निर्माण गर्नेका लागि कर्जा र सोको धितो सुरक्षणको अनुपात अधिकतम ८० प्रतिशत र अन्यको हकमा अधिकतम ७० प्रतिशत कायम गरिएको बैंकले जनाएको छ।

# 'कजारियासँगै गृहप्रवेश, घुमौं देश-विदेश' योजना

काठमाडौं । कजारिया टायल्स 'कजारियासँगै गृहप्रवेश, घुमौं देश-विदेश' नामक उपभोक्ता योजना घोषणा गरेको छ । चाडपर्वको अवसरमा घोषणा गरिएको योजनामार्फत ग्राहकले दैनिक लक्की ड्रमार्फत आकर्षक बोट स्मार्टवाच जित्ने मौका पाउने कम्पनीले जनाएको छ । साथै, बम्पर उपहारस्वरूप सम्पूर्ण खर्चसहितको सिंगापुर क्रुज प्याकेज पनि जित्न सकिनेछ । ग्राहकले आधिकारिक डिलरबाट कम्तीमा एक हजार वर्गफिट कजारिया टायल्स खरिद गरेपछि यो योजनामा सहभागी हुन सक्नेछन् । एक हजार वर्गफिटभन्दा बढी खरिद गर्ने ग्राहक दैनिक लक्की ड्रमार्फत आकर्षक बोट स्मार्टवाच जित्न योग्य हुनेछन् । साथै, भाग्यमानी केही जोडीहरूले बम्पर उपहारस्वरूप सम्पूर्ण खर्चसहितको सिंगापुर क्रुज भ्रमण अवसर पाउनेछन् । यो योजना भदौ १५ देखि कात्तिक १५ सम्म लागू हुने कम्पनीले जनाएको छ ।

योजना सार्वजनिक गर्दै कजारिया रमेश टायल्स लिमिटेडका निर्देशक हिमांशु अग्रवालले भने, 'यस चाडपर्वमा नजिकैको कजारिया टायल्स डिलरमा पुग्नुस्, आकर्षक कलेक्सनबाट रोज्नुस् र स्क्यान गरेर जित्नुस्, आफ्नो घरसँगै आफ्नो भाग्य पनि रूपान्तरण गर्नुस् ।' कजारिया रमेश टाइल्स लिमिटेडले आधुनिक सजावटको बदलिँदो रुचिलाई ध्यानमा राख्दै चार हजारभन्दा बढी डिजाइन विकल्प प्रस्तुत गरेको कम्पनीले जनाएको छ ।

# नेपाल एसबिआई बैंक इन्डियन चेम्बर अफ कमर्शद्वारा सम्मानित

काठमाडौं । नेपाल एसबिआई बैंक लिमिटेड बैंक तथा बित्तीय संस्थाहरूलाई इण्डियन चेम्बर अफ कमर्सले प्रदान गर्ने बाणिज्य बैंकतर्फको तीन प्रतिष्ठित पुरस्कार हरुबाट सम्मानित भएको छ।

बैंकले बेस्ट पर्फमेन्स अन रिस्क म्यानेजमेन्ट, बेस्ट ब्यांक र बेस्ट पर्फमेन्स अन एसेट्स क्वालिटी बिधामा उक्त सम्मान प्राप्त गरेको हो। भारतको नयाँ दिल्लीमा इण्डियन चेम्बर अफ कमर्शद्धारा आयोजित तेस्रो इमर्जिङ एसिया बैंकिङ अवार्ड २०२५ मा बैंकका प्रबन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत रामकुमार तिवारीले उक्त पुरस्कारहरू ग्रहण गरेका थिए।

यी प्रतिष्ठित पुरस्कारहरूले बैंकको जोखिम व्यवस्थापनका अभ्यासहरु, सञ्चालन उत्कृष्टता तथा बैंकको सम्पत्तिको गुणस्तर कायम राख्ने प्रतिबद्धतालाई जोड दिएको बैंकको दाबी छ । नेपाल एसबिआई बैंकले ३२ वर्षदेखि बैकिङ सेवा प्रदान गर्दै आइरहेको छ। हाल बैंकका १०१ शाखा, २२ एक्स्टेन्सन काउन्टर, २० शाखारहीत बैंकिङ, ७ प्रादेशिक कार्यालय, १२५ एटिएम र १ कर्पोरेट कार्यालय सञ्चालनमा छन्।

# एभरेष्ट बैंकले १४ प्रतिशत नगद, ६ प्रतिशत बोनस लाभांश दिने




काठमाडौं । एभरेष्ट बैंक लिमिटेडले आर्थिक वर्ष २०८१र८२ को मुनाफाबाट आफ्ना सेयर धनीहरूलाई वितरण गर्न १४ प्रतिशत नगद लाभांश र ६ प्रतिशत बोनस सेयर घोषणा गरेको छ। बैंकको भाद्र १९ गते (बिहीबार) बसेको सञ्चालक समितिको २०७ औँ बैठकले उक्त निर्णय गरेको हो।

बैंकको सञ्चालक समितिले सिफारिस गरेअनुसार, कुल २० प्रतिशत लाभांश घोषणा गरिएको छ। जसमध्ये, १४ प्रतिशत नगद लाभांश रहेको छ। यो नगद लाभांशबाट बोनस शेयरमा लाग्ने कर समेत बेहोरिनेछ। त्यसैगरी, सेयर धनीहरूलाई ६ प्रतिशत बोनस सेयर प्रदान गर्ने प्रस्ताव गरिएको छ । यो प्रस्ताव बैंकका कम्पनी सचिव सुरेश चापागाईंले नेपाल स्टक एक्सचेञ्जलाई पत्राचार गरी जानकारी गराएका छन्, जसको बोधार्थ नेपाल धितोपत्र बोर्डलाई पनि दिइएको छ।

बैंकले सिफारिस गरेको यो लाभांश प्रस्ताव नेपाल राष्ट्र बैंकको स्वीकृतिपछि मात्र कार्यान्वयनमा आउनेछ । राष्ट्र बैंकबाट स्वीकृति प्राप्त भएपश्चात् आगामी वार्षिक साधारण सभामा अन्तिम अनुमोदनका लागि पेस गरिनेछ। हाल बैंकको चुक्ता पुँजी १२ अर्ब ९४ करोड ४४ लाख ९४ हजार २ सय ८६ रुपैयाँ रहेको छ।

# महालक्ष्मी बैंकको क्रेडिट कार्ड मार्फत टुर प्याकेज खरिद गर्न सकिने




काठमाडौं । ग्राहकहरुलाई अत्याधुनिक, सुरक्षित तथा सहज बैंकिङ्ग सुविधा उपलब्ध गराईरहेको महालक्ष्मी विकास बैंकले आगामी चाडपर्वहरुलाई लक्षित गर्दै बैंकको क्रेडिट कार्ड प्रयोग गरी सहज र सुरक्षित तरिकाले टुर तथा भ्रमण प्याकेज खरिद गर्न सकिने सुविधाको सुरुवात गरेको छ । चाडपर्वहरुमा नेपालीहरु विभिन्न देशहरु घुम्न जाने प्रचलनलाई मध्यनजर गर्दै बैंकले यो योजनाको सुरुवात गरेको हो

सो अन्तर्गत बैंकले विभिन्न प्रतिष्ठित ट्राभल एजेन्सीहरुसँग व्यवसायिक सहकार्यको लागि सम्झौता समेत गरिसकेको छ । प्रारम्भिक चरणमा पर्यटकहरुले गुरु ट्राभल्स लि., दरबारमार्ग र रिसेन्ट एण्ड रिदम टुर्स एण्ड ट्राभल्स, उत्तरढोका, काठमाण्डौं मार्फत यो सुविधा लिन सक्नेछन्। सम्झौता अन्तर्गत महालक्ष्मी विकास बैंकका क्रेडिट कार्ड वाहकहरुले ट्राभल एजेन्सी मार्फत विभिन्न टुर प्याकेज खरिद गर्दा महालक्ष्मी विकास बैंकको क्रेडिट कार्ड प्रयोग गरी खरिद गर्न सक्नेछन् । साथै आफुले खरिद गरेको टुर प्याकेजको मुल्य बराबरको रकमको भुक्तानी ६ महिना देखी १२ महिना सम्मको लचिलो अवधी रहने गरी मासिक रुपमा भुक्तान गर्न मिल्ने गरी रुपान्तरण गर्न समेत सक्नेछन्।

आफुले खरिद गरेको टुर प्याकेजको बिल पेश गरे पश्चात महालक्ष्मी विकास बैंकले सहज रुपमा नै सो कारोबारलाई मासिक किस्तामा परिवर्तन गरिदिनेछ र यसरी मासिक किस्तामा परिवर्तन गर्दा बैंकले इएमआई प्रोसेसिङ शुल्क लिने छैन। यस कार्यको सुरुवातसँगै डिजिटल भुक्तानीलाई प्रोत्साहन गर्न र चाडपर्वहरुलाई थप उत्साहमय र अर्थपुर्ण बनाउन सहयोग पुग्ने विश्वास बैंकले लिएको छ।

हाले मात्र बैंकले आफ्नो मोबाइल बैकिङ्ग एप "महालक्ष्मी स्मार्ट साथी" मा भर्चुअल क्रेडिट कार्डको सुविधा थप गरेको छ । "सबल बैंक, सफल सहकार्य" को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा अनवरत रुपले गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आएको यस बैंकको देशभर १०३ शाखा कार्यालयहरु र ८ लाख ग्राहकहरु रहेका छन्।

# एनएमबि बैंकका ग्राहकजरुलाई बुटवल हस्पिटलमा १५% सम्म छुट



काठमाडौं। एनएमबि बैंकका कर्मचारी र ग्राहकहरुले बुटवल हस्पिटलबाट प्राप्त गर्ने सेवामा छुट प्राप्त गर्नेछ्न। एनएमबि बैंक र बुटवल स्थित बुटवल हस्पिटल प्रा.लि. बीच सम्पन्न भएको सम्झौता बमोजिम सो छुट प्रदान गर्न लागीएको हो। सम्झौता अनुसार एनएमबि बैंकका कर्मचारी/परिवार एवं ग्राहकहरुले हस्पिटलले प्रदान गर्ने सेवाहरुमा विशेष छुट पाउनेछ्न । हस्पिटलले प्रदान गर्ने सेवाहरु बेड चार्ज, ल्याव टेस्ट, अप्रेसन चार्ज, युएसजि/इसिजि/इको/एक्सरे, फजियोथ्रापी र मेडिसीनमा एनएमबि बैंकका कर्मचारी/परिवार र ग्राहकले ५% देखि १५% सम्म छुट पाउनेछन्।

सम्झौताले बैंक कर्मचारी/परिवार तथा ग्राहकहरुलाई उपचारको क्रममा राहत हुने बैंकले विश्वास लिएको छ । सम्झौतामा एनएमबि बैंक लुम्बिनी प्रदेश प्रमुख शम्भुप्रसाद पराजुली र बुटवल हस्पिटल प्रा. लि. का अध्यक्ष चुन्नु प्रसाद पौडेलले संयुक्त रूपमा हस्ताक्षर गरेका छन् । छुट पाउनको लागि एनएमबि बैंकको खाताबाट रकम भुक्तानी गर्नुपर्नेछ । भुक्तानीको लागि एनएमबि बैंकको एटिएम, क्रेडिट कार्ड, ईन्टरनेट बैकिङ्ग, मोबाइल बैकिङ्ग, कर्पोरेट पे, आइपिस, क्यु आर कोड प्रयोग गर्नुपर्नेछ। एनएमबि बैंकले हाल देशभर २०२ शाखाहरु, १८७ एटिएमहरु र ९ एक्सटेन्सन काउन्टरहरु मार्फत उच्चस्तरीय सेवा प्रदान गदै आइरहेको छ।

# ल्यान्डमार्क होटेल तथा रिसोर्ट र प्रभु बैंकबीच विशेष छुट सम्झौता



काठमाडौं । काठमाण्डौको दरबारमार्ग स्थित ल्यान्डमार्क होटेल तथा रिसोर्ट र प्रभु बैंक लिमिटेड बीच विशेष छुट सम्बन्धि समझदारीपत्रमा हस्ताक्षर भएको छ। भदौ १८ गतेका दिन प्रभु बैंकका तर्फबाट चिफ मार्केटीङ अफिसर रमेश कुमार श्रेष्ठ र मार्केटीङ म्यानेजर दिना चित्रकार तथा ल्यान्डमार्क होटेल तथा रिसोर्ट का तर्फबाट सहायक बिक्री निर्देशक मालती राई श्रेष्ठ तथा बिक्री तथा विपणन कपोरेट निर्देशक अमृत ढकालले सम्झौतापत्रमा हस्ताक्षर गरि एक अर्कालाई सम्झौता पत्र हस्तान्तरण गरियो।

ल्यान्डमार्क होटेल तथा रिसोट अर्न्तगत चितवन, पोखरा, काठमाण्डौ,तनहु र भैरहवा लगायत शाखा सँग प्रभु बैंक लिमिटेड का ग्राहक तथा कर्मचारीहरुले सेवा तथा सुबिधा लिएबापत बिशेष छुट पाउने छन् ।सम्झौता अनुसार प्रभु बैंक लिमिटेड का ग्राहक तथा कर्मचारीहरुले होटेल तथा रिसोर्टको सेवा तथा सुबिधा प्राप्त गर्नको निमित्त बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड तथा बैंकका अन्य कुनै विद्युतिय प्रणाली द्धारा विल भुक्तानी गर्नुपर्ने छ। ल्यान्डमार्क होटेल तथा रिसोर्टको उल्लेखित शाखा मार्फत उपलब्ध आवास तर्फ विशेष सस्थागत छुट साथै खाना तथा पेय पदार्थमा १० %-१५% छुट प्राप्त गर्न सक्नेछन।

त्यसै गरी, ग्राहकहरुको रोजाईको अग्रणी बैंकको रुपमा रहेको तथा हालसालै "बैंक अफ द इयर २०२३" को उपाधिबाट सम्मानित प्रभु बैंकका नेपालभर ३१२ शाखा कार्यालयहरु, २५६ एटीएम साथै ४८ एक्सटेन्सन काउन्टर मार्फत करिब ३१ लाख भन्दा बढि ग्राहकहरुलाई 'बिश्वास लिन्छौं, विश्वास दिन्छौं' भन्ने मुल नाराका साथमा बैंकिङ एवं वित्तीय सेवा प्रवाह गरिरहेको प्रभु बैंकले अत्याधुनिक प्रविधि मार्फत गुणस्तरीय सेवा प्रवाह गर्दै प्रतिस्पर्धी रुपमा अगाडि बढिरहेको छ।

साथै प्रभु बैंक फिनाकल ईन्फोसिस ईनोभेसन गोल्ड-२०२४ अवार्डबाट पनि सम्मानित भएको छ। र साथै नेपाल बेस्ट डिजिटल बैंक फर एसएमइ अवार्ड अन्तर्राष्ट्रिय युरोमनी एक्सिलेन्स अवार्ड २०२५" को अन्तर ाष्ट्रिय बाट पनि सम्मानित भएको छ।

# भायानेटको ब्राण्ड एम्बासडर सुशान्त केसी नियुक्त

काठमाडौं । भायानेट कम्युनिकेशन लिमिटेडले चर्चित गायक तथा गीतकार सुशान्त केसीलाई आफ्नो ब्राण्ड एम्बासडर घोषणा गरेको छ । साथै कम्पनीले नयाँ अभियान 'इन्टरनेट फर ड्रिमर्स'को सुरुवात पनि गरेको जनाएको छ । अभियानमार्फत भायानेटले डिजिटल युगमा सपना देख्ने युवाहरू, सिर्जनाकर्मीहरू र डिजिटल माध्यमबाट केही गर्न चाहने व्यक्तिहरूलाई प्रेरणा दिने लक्ष्य राखेको उल्लेख गरेको छ।

सुशान्त केसीको यात्रा इन्टरनेटबाटै सुरु भएको थियो । आफ्ना गीतहरू अनलाइनमै राखेर चर्चित बनेका केसी आज नेपाली संगीत क्षेत्रका लोकप्रिय कलाकार बनेका छन्। भायानेटले सुशान्तकै जस्तै सपना देख्ने अन्य युवाहरूलाई साथ दिने उद्देश्यले यो अभियान ल्याएको हो। कम्पनीका अनुसार 'इन्टरनेट फर ड्रिमर्स' अभियान डिजिटल स्टोरीटेलिङ, सामाजिक सञ्जालमा अन्तरक्रियात्मक कार्यक्रमहरू, र अनुभव आदानप्रदान गर्ने गतिविधिहरूमार्फत अगाडि बढाइनेछ।

यस अभियानले कन्टेन्ट क्रिएटर तथा डिजिटल क्षेत्रमा लाग्न चाहने इच्छुकहरूलाई भायानेटसँगै ठूला सपना देख्न र इन्टरनेटको सही प्रयोग गरी ती सपना साकार गर्न प्रोत्साहित गर्ने लक्ष्य राखेको छ । भायानेटले केसीसँगको सहकार्यलाई गौरवको रूपमा लिएको उल्लेख गरेको छ । केसीको सङ्गीतप्रतिको समर्पण, दृढता र लगावले नेपाली युवापुस्तामा ऊर्जा र आत्मविश्वास भरेको कम्पनीको भनाइ छ। भायानेट कम्युनिकेशन लिमिटेड नेपालका अग्रणी इन्टरनेट सेवा प्रदायकमध्ये एक हो। कम्पनीले उच्च-गति, भरपर्दो र गुणस्तरीय फाइबर इन्टरनेट सेवा प्रदान गर्दै उपभोक्ताको आवश्यकतालाई सम्बोधन गर्दै आएको छ। नवीनतम प्रविधिको प्रयोग र निरन्तर सेवा सुधारमार्फत डिजिटल नेपाल निर्माणमा भायानेटको उल्लेखनीय योगदान रहँदै आएको छ।

# तोकिएकै मितिमा विशेष साधारणसभा हुन्छ : नाडा

काठमाडौं । नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालले तोकिएकै मितिमा विशेष साधारणसभा हुने जनाएको छ । नाडाले बिहीबार विज्ञप्ति जारी गर्दै काठमाडौं जिल्ला प्रशासन कार्यालयले यसअघि गरेको स्थगन आदेश फुकुवा गरेकाले तोकिएकै मितिमा विशेष साधारणसभा हुने जनाएको छ। नाडाको केन्द्रीय कार्यसमितिले २०८२ भदौ ३ र ८ गतेका बैठकमार्फत दीर्घकालीन संस्थागत सुदृढीकरणका लागि महासंघमा रूपान्तरण गर्ने प्रस्तावबारे अन्तिम निर्णय लिन विशेष साधारणसभा बोलाउने निर्णय गरेको थियो । सदस्यहरूले मताधिकार प्रयोग गर्ने अधिकार सुरक्षित गरिएको उल्लेख गर्दै नाडाले साधारणसभा बोलाउने निर्णयलाई अवैधानिक भन्नु पूर्णरूपमा असत्य भएको जनाएको छ।

यसअघि प्राप्त उजुरीका आधारमा काठमाडौं जिल्ला प्रशासन कार्यालयले विशेष साधारणसभा स्थगित गर्न निर्देशन दिएको थियो। तर, दुवै पक्षसँग छलफल गरी आवश्यक कागजात र स्पष्टीकरण पाएपछि जिल्ला प्रशासनले भदौ १८ गते पत्रमार्फत स्थगन आदेश फुकुवा गर्दै नाडाले वार्षिक साधारणसभा, विशेष साधारणसभा वा अन्य निर्णय गर्न सक्ने अधिकार पुष्टि गरेको छ।

यससँगै विशेष साधारणसभा तोकिएकै मितिमा निर्बाध सम्पन्न हुने मार्ग खुलेको नाडाले जनाएको छ। पदाधिकारी हेरफेर वा कार्यकाल लम्ब्याउने आरोपलाई संस्थाले अस्वीकार गरेको छ । 'नेतृत्व चयन र पद हस्तान्तरण सदस्यहरूको प्रत्यक्ष सहभागिता र निर्वाचनमार्फत हुनेमा संस्था अडिग छ,' विज्ञप्तिमा भनिएको छ। नाडाका अध्यक्ष करणकुमार चौधरीले पनि आफू पदमा रहन कुनै व्यक्तिगत स्वार्थ नराखेको स्पष्ट पारेका छन् । 'सर्वसम्मत भए तुरुन्तै निर्वाचनसहित वार्षिक साधारणसभा बोलाएर पद हस्तान्तरण गर्न तयार छु,' उनले भने। संस्थाले नाडा सबै अटोमोबाइल व्यवसायीहरूको साझा संस्था भएको दोहोर्‍याउँदै, व्यक्तिगत स्वार्थका लागि प्रयोग नगर्ने प्रतिबद्धता जनाएको छ। सुधार र भविष्यका योजना पारदर्शी र निष्पक्ष ढंगले, सदस्यहरूको सामूहिक निर्णयका आधारमा अघि बढाइने नाडाले जनाएको छ । पछिल्ला दिनमा विभिन्न सञ्चारमाध्यममा आएको समाचारलाई भ्रामक भन्दै आपत्ति जनाएको छ। संस्थाले आफ्नो गतिविधि सधैं प्रचलित कानुन र विधानअनुसार अघि बढाइएको स्पष्ट गर्दै, भ्रामक समाचार वा गलत व्याख्यामा नलाग्न सदस्य र सरोकारवालालाई आग्रह गरेको हो।

# लक्ष्मी सस्टेनेबल इनर्जी फण्डले १ अर्ब रकम संकलन गर्न सफल

काठमाडौं । लक्ष्मी सनराइज बैंक लिमिटेडको प्रवर्द्धन र लक्ष्मी सनराइज क्यापिटलको व्यवस्थापनमा सञ्चालित लक्ष्मी सस्टेनेबल इनर्जी फण्डले निर्धारित १ अर्ब रुपैयाँ संकलन गर्न सफल भएको छ।

यो फण्ड, लक्ष्मी सनराइज क्यापिटल लिमिटेडद्वारा व्यवस्थापित पहिलो प्राइभेट इक्विटी फण्ड हो। जलविद्युत, सौर्य, वायु उर्जा तथा अन्य नवीकरणीय स्रोतमा लगानी गरी नेपालको दिगो उर्जा क्षेत्रको विकासमा योगदान पुर्याउने उद्देश्य यस फण्डले लिएको छ। लक्ष्मी सनराइज क्यापिटलले फण्डप्रति देखाइएको विश्वास र निरन्तर समर्थनका लागि सम्पूर्ण लगानीकर्ताप्रति आभार व्यक्त गरेको छ।

# गंगा हेल्थ केयर इन्डष्ट्रिजले सर्वसाधारण सेयर निष्काशन गर्ने

काठमाडौं। साना तथा मझौला कम्पनी गंगा हेल्थ केयर इन्डष्ट्रिज लिमिटेडले सर्वसाधारणका लागि साधारण शेयर (आईपीओ) निष्काशन गर्ने भएको छ। नेपाल धितोपत्र बोर्डले जारी गरेको "साना तथा मझौला संगठित संस्थाको धितोपत्र निष्काशन तथा कारोबार नियमावली, २०८१" अनुसार कम्पनीले आईपीओ प्रक्रिया अघि बढाएको हो । यस प्रयोजनका लागि कम्पनीले धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकका रूपमा मुक्तिनाथ क्यापिटल लिमिटेडलाई नियुक्त गरेको छ।

विक्री प्रबन्धक नियुक्ति सम्बन्धी सम्झौतापत्रमा गंगा हेल्थ केयर इन्डष्ट्रिजका अध्यक्ष सुरज प्रसाद खत्री र मुक्तिनाथ क्यापिटलका प्रमुख कार्यकारी अधिकृत कबिन्द्र ध्वज जोशीले हस्ताक्षर गरेका छन् । कम्पनीले आफ्नो जारी पूँजीको ३० प्रतिशत सर्वसाधारणलाई बिक्री गर्ने जनाएको छ।

# सानिमा बैंकका ग्राहकहरुलाई बससेवामा टिकट खरिद गर्दा क्यासब्याक

काठमाडौं । सानिमा बैंकले आफ्ना ग्राहकहरुलाई डिजिटल बैंकिङ्गका माध्यमहरु प्रयोग गरी डिजिटल भुक्तानी प्रोत्साहन गर्न बससेवासँग आकर्षक क्यासव्याकको व्यवस्था गरेको छ। उक्त व्यवस्था अन्तर्गत ग्राहकहरुले सानिमा भिसा डेबिट/क्रेडिट कार्ड मार्फत अनलाइन भुक्तानी गरी बससेवाबाट नेपालभरिको बस टिकटको खरिदमा १५ प्रतिशत वा अधिकतम २ सय रुपैयाँसम्म र भारतको बस टिकटको खरिदमा १५ प्रतिशत वा अधिकतम ४ सय रुपैयाँसम्मको क्यासब्याक प्राप्त गर्न सक्नेछन्। यो योजना यही भदौ १५ देखि आगामी फागुन १४ गतेसम्मका लागि लागू हुने बैंकले जनाएको छ। छुटको विस्तृत विवरण बैंकको वेबसाइटबाट हेर्न सकिने बैंकले उल्लेख गरेको छ।

# नेपाल इन्भेष्टमेण्ट बैंकका महिला उद्यमीलाई विभिन्न सेवामा छुट



काठमाडौं । नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड र महिला उद्यमी महासंघ नेपालबिच व्यावसायिक सम्झौता भएको छ। नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड र महिला उद्यमी महासंघ नेपाल बिच नेपालका महिलालाई उद्यम क्षेत्रमा आकर्षित गरी महिला व्यवसाय प्रवर्द्धन गर्न बैंक बिच सम्झौता भएको हो।

नेपाल इन्भेष्टमेण्ट मेगा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत ज्योति प्रकाश पाण्डे र महिला उध्मी महासंघ तर्फ अध्यक्ष शोभा ज्ञवालीबाट हस्ताक्षर भइ सो महिला व्यावसायिक सेवा आरम्भ गरिएको छ।

यस सम्झौता मार्फत एसोसिएसनका सम्पूर्ण सदस्यहरुलाई महिलाद्धारा सञ्चालीत उद्यम र नयाँ उद्यमी बन्न चाहने विभिन्न महिलालाई विशेष बैंक तथा वित्तीय सहयोग प्रदान गर्ने सम्झौता गरिएको छ। सोहि सम्झौता अनुसार एसोसिएसनका सदस्यहरुलाई लक्षित गरि बैंकको २७५ वटा शाखाहरु मार्फत महिलाद्धारा सञ्चालीत उद्यम र नयाँ उद्यमी बन्न चाहने विभिन्न महिलालाइ छुट सहितको कर्जा प्रवाहमा विशेष प्राथमिकता, वित्तीय साक्षरताका सेवा दिने जानकारी बैंकका प्रमुख कार्यकारी अधिकृतले जानकारी दिए।

# सिटीपे र फोनेपे बीच सहकार्य




काठमाडौं । डिजिटल वालेट सिटीपे भुक्तानी प्रणाली सञ्चालक फोनेपेको प्रणालीमा आधिकारिक रूपमा एकीकृत भएको छ। योसँगै सिटीपे फोनेपे नेटवर्कमा जोडिने दशौं वालेट बनेको छ । यस एकीकरणपछि सिटीपे प्रयोगकर्ताले अब फोनेपेको राष्ट्रव्यापी अन्तरसञ्चालित क्यूआर नेटवर्कमार्फत १.७ मिलियनभन्दा बढी व्यापारी आउटलेटमा सहज, सुरक्षित र तत्काल भुक्तानी गर्न सक्ने कम्पनीले जनाएको छ।

फोनेपेले हाल ६० भन्दा बढी बैंक तथा वित्तीय संस्थालाई जोडेको छ भने डिजिटल वालेट साझेदारहरूको संख्यामा पनि निरन्तर वृद्धि भइरहेको छ । यसले लाखौं प्रयोगकर्तालाई नगदरहित कारोबारमा सहभागी गराउँदै वित्तीय समावेशीकरणलाई प्रोत्साहन गरिरहेको छ । फोनेपेका सीईओ दिवस कुमारले भने, 'सिटीपेलाई हाम्रो पारिस्थितिक प्रणालीमा स्वागत गर्नु महत्त्वपूर्ण कदम हो । प्रत्येक नयाँ एकीकरणले नेटवर्कलाई अझ बलियो र समावेशी बनाउँछ। हाम्रो उद्देश्य वालेट र बैंकहरू जोड्नु मात्र होइन, प्रत्येक व्यक्ति र व्यवसायलाई डिजिटल भुक्तानीको विश्वासिलो सुविधा उपलब्ध गराउनु हो ।' त्यस्तै, सिटीपेका सीईओ बिनय रेग्मीले भने, 'यो साझेदारी प्रविधिभन्दा पनि धेरै महत्वाकाङ्क्षी छ। यसले लाखौं रेमिट्यान्स लाभार्थीलाई सशक्त बनाउन मद्दत गर्नेछ । फोनेपे र सिटीपे मिलेर प्रयोगकर्ता र व्यापारीलाई सहज, सुरक्षित र तत्काल कारोबारको अनुभव दिलाउनेछन्।'

साझेदारीलाई विशेष बनाउन सिटीपेले भदौ १७ (सेप्टेम्बर २) देखि कात्तिक १७ (नोभेम्बर २) सम्म क्यूआर कारोबारमा आधारित विशेष पर्व-अभियान घोषणा गरेको छ। अभियान अवधिभर प्लेटफर्ममार्फत गरिएका कारोबारहरू स्वतः भाग्यशाली चिट्ठामा सामेल हुनेछन्। दुई भाग्यशाली विजेताले मासिक रूपमा सामसङ ब्रान्डका टेलिभिजन पाउनेछन् । साथै, रु. ५०० भन्दा माथिको प्रत्येक क्यूआर कारोबारमा २० रिवार्ड पोइन्ट उपलब्ध हुनेछ, जसलाई नगद वा वस्तुको रूपमा प्रयोग गर्न सकिनेछ।

# सिटी एक्सप्रेसको दशैं–तिहार अफर सार्वजनिक

काठमाडौं । सिटी एक्सप्रेस मनि ट्रान्सफरले २०८२ सालको दशैं, तिहार र छठ पर्वलाई लक्षित गर्दै आकर्षक उपहार योजना सार्वजनिक गरेको छ। 'यो दशैं-तिहारमा सिटी एक्सप्रेसको साथ, हरेक हप्ता १ लाख' नामक यो योजना लगातार ९ हप्ता सञ्चालन हुनेछ।

योजनाअन्तर्गत लक्की ड्रमार्फत हरेक हप्ता १ जनाले रु १ लाख प्राप्त गर्नेछन् भने हरेक दिन सबै ग्राहकले सिटी पेबाट क्याशब्याक पाउने व्यवस्था गरिएको छ । भाद्र १६ देखि कात्तिक १५ गतेसम्म लागू हुने यस अफरमा विदेशबाट सिटी एक्सप्रेसमार्फत पैसा पठाउने सम्पूर्ण सेवाग्राही सहभागी हुनेछन्। उपहार विजेता चयन विद्युतीय प्रणालीमार्फत हुने र यसमा कम्पनीका कर्मचारी सहभागी नहुने सिटी एक्सप्रेसले जनाएको छ। कार्यक्रममा चर्चित हास्य कलाकार तथा सिटी एक्सप्रेसका ब्रान्ड एम्बासडर जितु नेपालको उपस्थिती थियो। रेमिट्यान्स क्षेत्रमा १९ वर्षदेखि सेवा दिँदै आएको सिटी एक्सप्रेसले हालै सिटी पे वालेटमार्फत अनलाइन भुक्तानी सेवा सुरु गरेको छ। यसबाट रेमिट्यान्स भुक्तानीसमेत गर्न सकिने व्यवस्था गरिएको छ।

# स्मार्ट च्वाईस टेक्नोलोजिजले सुरु गर्यो थ्रिडिएस एक्सेस कन्ट्रोल सर्भर सेवा

SCT
नेपाल राष्ट्र बैंकबाट "भुक्तानी प्रणाली सञ्चालक" को कार्य गर्न अनुमतिपत्रप्राप्त संस्था

काठमाडौं । नेपाल राष्ट्र बैंकबाट भुक्तानी प्रणाली सञ्चालकको अनुमतिपत्रप्राप्त संस्था स्मार्ट च्वाईस टेक्नोलोजिजले थ्रिडिएस एक्सेस कन्ट्रोल सर्भर सेवाको सफलतापूर्वक सुरुआत गरेको छ । एक्सेस विश्वव्यापी थ्रिडि सेक्युयोर प्रोटोकलको महत्वपूर्ण अंग हो, जसले कार्डबाहकहरूलाई अनलाइन कारोबार गर्दा आफ्नो प्रमाणीकरण प्रक्रियालाई सहज बनाउँछ र ठगीविरुद्ध उच्च स्तरको सुरक्षा सुनिश्चित गर्छ।

ग्लोवल आइएमई बैंकले नेपालमा एससिटीको थ्रिडिएस एक्सेस सेवामा आबद्ध हुने पहिलो बैंक बनेको छ। त्यससँगै, एनएमबि बैंकलाई पनि यो सेवा प्रदान भइसकेको छ । जसले यस सेवाको पहुँच अझ विस्तार गरेको छ। यी सहकार्यहरुमार्फत ग्लोवल आइएमई बैंक र एनएमबि बैंकका कार्डबाहकहरूले अब अनलाइन कारोबार गर्दा अझ सुरक्षित र सहज प्रमाणीकरण सुविधा पाउनेछन्।

एससिटीले ले सुरु गरिएको एक्सेस सेवा नेपालमा डिजिटल भुक्तानी क्षेत्रमा नयाँ प्रगतिका रुपमा स्थापित भएको छ । यसले अनलाइन कारोबार गर्दा रियल-टाइम प्रमाणीकरण र ठगी रोकथाममा सहयोग प्रदान गर्ने भएकाले अनलाइन किनमेल, टिकटिङ, र अन्य भुक्तानी अनुभवलाई अझ सुरक्षित र विश्वासिलो बनाउने छ। यसले ग्राहकको डिजिटल च्यानलमा विश्वास बढाउनुका साथै नेपाललाई अन्तर्राष्ट्रिय भुक्तानी सेवा प्रादायक संस्थाहरूको सुरक्षाका मापदण्डसँग नजिक ल्याउँदै, नगदविहीन अर्थतन्त्रतर्फको यात्रालाई पनि टेवा पुर्‍याउने छ।

# नेचुरल इस्पीरीट्सले आईपीओ निष्काशन गर्ने

काठमाडौं । नेचुरल इस्पीरीट्स नेपाल लिमिटेडद्वारा सर्वसाधारणमा साधारण शेयर (आईपीओ) जारी गर्न र शेयर निष्काशनको प्रक्रिया अघि बढाउनका लागि विक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटललाई विक्री प्रबन्धकको रुपमा नियुक्त गरिएको छ। सम्झौतामा नेचुरल इस्पीरीट्सको तर्फबाट अध्यक्ष असिम सिटौला र मुक्तिनाथ क्यापिटलको तर्फबाट प्रमुख कार्यकारी अधिकृत कबिन्द्र ध्वज जोशीले हस्ताक्षर गरेका छन्।

कम्पनीले जारी पूँजीको २० प्रतिशत अर्थात १५,००,००० कित्ता साधारण शेयर सर्वसाधारणहरुलाई विक्री गर्न लागेको हो । नेचुरल इस्पीरीट्स नेपाल लिमिटेड, मिति २०७१ मङ्सिर १४ गते (डिसेम्बर १४, २०१४) मा स्थापना भएको कम्पनी हो । कम्पनीको उत्पादन कक्ष धादिङ जिल्लाको गल्छी गाउँपालिकामा अवस्थित छ भने, यसको केन्द्रीय कार्यालय काठमाडौंको हाँडीगाउँमा रहेको छ।

परिवारीक व्यवसायलाई निरन्तरता दिँदै व्यापक रूपमा विस्तार गर्ने उद्देश्यका साथ स्थापना भएको यस कम्पनीले सन् २०२१ (वि.सं. २०७७) मा पहिलोपटक उत्पादन शुरु गरेको हो। उच्च गुणस्तरीय मदिरा उत्पादनलाई आफ्नो मूल उद्देश्य बनाएको यस कम्पनीले आधुनिक उत्पादन प्रविधि, सिर्जनशील उत्पादन विकास तथा नविनतम बिक्री र ब्राण्डिङ रणनीतिहरूको प्रयोग गर्दै बजारमा नयाँ आयाम स्थापित गर्ने लक्ष्य राखेको जनाएको छ।

२० रोपनी क्षेत्रफलमा फै लिएको उत्पादन कक्षमा दुईवटा अर्ध-स्वचालित बोटलिङ लाइन, सातवटा ११,००० लिटर क्षमताका ब्लेन्डिङ ट्याङ्क तथा पाँचवटा २५,००० लिटर क्षमताका Extra Neutral Alcohol (ENA) ट्याङ्कहरू रहेका छन् । कम्पनीको वार्षिक उत्पादन क्षमता १ करोड २० लाख लिटर रहेको छ। हाल यस कम्पनीले "सरङ्गी व्हिस्की ४० गए" र "सेतो बाघ भोड्का ३० गए" नामक दुई प्रमुख उत्पादन बजारमा उपलब्ध गराइरहेको छ, जसको वार्षिक उत्पादन १,३४,२९८ लिटर रहेको छ । निकट भविष्यमा कम्पनीले "रारा ब्लुज ४० गए " नामक नयाँ ब्राण्डको भोड्का उत्पादन गरी बजारमा बिक्री तथा वितरण गर्न तयारी गरि रहेको छ।

गुणस्तरलाई उच्चतम प्राथमिकतामा राख्दै उत्पादन र बजार विस्तार गर्ने लक्ष्यसहित, नेचुरल इस्पीरीट्स नेपाल लिमिटेडले आगामी दिनमा निरन्तर नवप्रवर्तन, ग्राहक सन्तुष्टि र दिगोपनप्रति प्रतिबद्ध रहि नेपाली मदिरा उद्योगमा अग्रणी कम्पनीका रूपमा स्थापित हुने लक्ष्य लिएको कम्पनीले जनाएको छ।

# निफ्राको लाभांश घोषणा

NIFRA
Nepal Infrastructure Bank Ltd.
समृद्ध नेपालको लागि

काठमाडौं । नेपाल इन्फ्रास्ट्रक्चर बैंक (निफ्रा)ले गत आर्थिक वर्ष २०८१ ।८२ का लागि लाभांश घोषणा गरेको छ। निफ्रा सञ्चालक समितिको बिहीबार साँझ बसेको बैठकले उक्त आर्थिक वर्षको सञ्चित मुनाफामध्ये वितरणयोग्य मुनाफबाट हाल कायम चुक्तापुँजी २१ अर्ब ६० करोड रुपैयाँको करसहित कुल ६.३१५८ प्रतिशत नगद लाभांश वितरण गर्ने निर्णय गरेको हो। जसअनुसार निफ्रा शेयरधनीहरुलाई कुल २ अर्ब ३६ करोड ४२ लाख १२ हजार ८०० रुपैयाँ वितरण गर्नेछ ।प्रस्तावित लाभांश नेपाल राष्ट्र बैंकको स्वीकृतिपछि आगामी वार्षिक साधारणसभाबाट वितरण गरिने निफ्राले जनाएको छ।

# सागर डिस्टिलरीले २५ गतेबाट आईपीओ निष्काशन गर्ने

SAGAR DISTILLERY

काठमाडौं । सागर डिस्टिलरी लिमिटेडले भदौ २५ गतेबाट आइपीओ निष्काशनमा ल्याउने भएको छ । कम्पनीले सर्वसाधारणका लागि कुल ११ लाख ९० हजार ६४० कित्ता सेयर निष्काशनमा ल्याउन लागेको हो। यसअघि वैदेशिक रोजगारीमा गएका नागरिकहरुमा आईपीओ निष्काशन गरेको कम्पनीले दोस्रो चरणमा सर्वसाधरणका लागि निष्काशन गर्न लागेको हो।

कम्पनीले नेपाल धितोपत्र बोर्डबाट चुक्ता पुँजी ७२ करोड ६० लाखको २० प्रतिशतले आउने १४ लाख ५२ हजार कित्ता सेयर निष्काशन गर्ने अनुमति पाएको थियो। यसअनुसार १ लाख ४५ हजार २ सय कित्ता वैदेशिक रोजगारीमा गएकाहरुलाई बाँडफाँट गरेको छ भने ७२ हजार ६ सय कित्ता सामूहिक लगानी कोषलाई र ४३ हजार ५६० कित्ता सेयर कर्मचारीलाई सुरक्षित गरेर बाँकी रहेको सेयर सर्वसाधारणमा जारी गर्न लागेको हो। आइपीओ भदौ २९ गतेसम्म खुला रहनेछ।

कम्पनीले आईपीओ निष्काशनका लागि सार्वजनिक विवरणअनुसार खुद नाफा ३४ लाख छ भने प्रतिसेयर आम्दानी ०.५९ पैसा रहेको छ। यस्तै नेटवर्थ भने १०६ रुपैयाँ ८७ पैसा रहेको छ। कम्पनीले ९ वर्षभित्र लगानी फिर्ता गर्ने अपेक्षा लिएको छ ।अघिल्लो वर्षहरूमा नाफा ऋणात्मक देखिए पनि गत वर्षबाट कम्पनीको नाफामा सुधार देखिएको हो । यस्तै इन्फोमेरिक्स क्रेडिट रेटिङ नेपाल लिमिटेडले कम्पनीलाई एकल बी प्लस रेटिङ दिएको छ । यसले वित्तीय दायित्व वहन गर्ने क्षमता उच्च जोखिम रहेको जनाउँछ।

# 'भिजनरी लिडर इन लाईफ इन्स्योरेन्स' अवार्डबाट सीईओ प्रसाईं सम्मानित



काठमाडौं । प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सन्तोष प्रसाईं 'भिजनरी लिडर इन लाइफ इन्स्योरेन्स'( जीवन बीमाको दूरदर्शी अगुवा) अवार्डबाट सम्मानित भएका छन् । प्रसाईं छैठौं एशियन प्रोफेशनल अचिभमेन्ट अवार्ड अन्तर्गत भिजनरी लिडर इन लाइफ इन्स्योरेन्स अवार्डबाट सम्मानित भएका हुन्। सोमबार एक कार्यक्रमका बीच पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले प्रसाईंलाई आयोजक संस्थाको तर्फबाट सम्मान गरेका हुन्।

बीमा क्षेत्रको नियमनकारी निकाय तत्कालिन बीमा समितिदेखि प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्सको नेतृत्वसम्म आइपुग्दा बीमा क्षेत्रमा उनले बीमा क्षेत्रमा गरेको योगदानको कदर स्वरुप यो सम्मान गरिएको आयोजक संस्थाले जानकारी दिएको छ । प्रमुख कार्यकारी अधिकृत प्रसाईको नेतृत्वमा प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्सले गत आर्थिक वर्ष २०८१/८२ मा उच्च वृद्धि दर हासिल गरेको छ । एशियन प्रोफेशनल एचिभमेन्ट अवार्ड अन्तर्गत विभिन्न पेशा व्यवसायमा उत्कृष्ट प्रदर्शन गरेका व्यक्तिहरुलाई विविध विधाहरुमा सम्मान प्रदान गरिदै आएको छ। नेपाल लगायत एशियाका विभिन्न देशमा आफ्नो पेशा व्यवसायमा बेग्लै पहिचान बनाउन सफल व्यक्तिहरुलाई सम्मान गरिएको थियो।

# मञ्जुश्री फाइनान्सको केन्द्रीय कार्यालय थापाथलीमा

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
behind your happiness

काठमाडौं। मञ्जुश्री फाइनान्सको केन्द्रीय कार्यालय थापाथलीमा स्थानान्तरण भएको छ । केन्द्रीय कार्यालय भवन संस्थाका अध्यक्ष सुमनप्रसाद अधिकारीले उद्धाटन गरेका छन् ।

कार्यक्रममा संस्थाका प्रमुख कार्यकारी अधिकृत तेजराज तिमिल्सिनाले ग्राहकको साथ, विश्वास र मायाले निरन्तर अघि बढिरहेको फाइनान्सले आगामी दिनमा अझ परिष्कृत र उत्कृष्ट सेवा दिने बताए । नयाँ बानेश्वरस्थित साबिकको शाखा कार्यालयलाई यथावत् राख्दै हाललाई संस्थाको कर्पोरेट अफिस स्थानान्तरण भएको हो । फाइनान्सले २३.५ अर्ब निक्षेप संकलन गरी करिब १९ अर्ब कर्जा परिचालन गरेको छ ।

# नबिल बैंक र निम्बजबीच अन्तर्राष्ट्रिय डाटा ई–सिम र ड्राइभिङ अनुमतिपत्रका लागि सम्झौता



काठमाडौं। नबिल बैंक लिमिटेड र निम्बजबीच डाटा ई-सिम र अन्तर्राष्ट्रिय ड्राइभिङ परमिट सेवाका लागि समझदारीपत्रमा हस्ताक्षर भएको छ। यो समझदारीसँगै नबिल बैंकका ग्राहकले एनबैंक मोबाइल एपमार्फत विभिन्न मुलुकका लागि डाटा ई-सिम र अन्तर्राष्ट्रिय ड्राइभिङ परमिट सेवा लिन सक्ने भएको छ। बैंकका तर्फबाट नायब प्रमुख कार्यकारी अधिकृत आदर्श बाजगाईं र निम्बजका निर्देशक ऋषभ तिमिल्सिनाले एक कार्यक्रमकाबीच सम्झौता पत्रमा हस्ताक्षर गरेका थिए। सम्झौतापछि अब बैंकको एपमार्फत ग्राहकले चीन, भारत, अमेरिका, अष्ट्रेलिया, दुबई, थाइल्यान्ड, कतार, जापान, कोरिया, इटाली, फ्रान्स, क्यानाडा लगायत २०० भन्दाबढी देश र क्षेत्रका लागि डाटा ई-सिम लिन सक्नेछन्। बैंकका अनुसार विभिन्न देश र क्षेत्रमा भ्रमणमा जाने, विद्यार्थी तथा वैदेशिक रोजगारीमा जानेले बैंकको एपबाटै सम्बन्धित देशको अन्तर्राष्ट्रिय डाटा प्लान खरिद गर्न सक्नेछन्।

विदेश जाने बित्तिकै इन्टरनेटको समस्या हुने, सिम खरिदका लागि केवाइसी फारम भर्नुपर्ने र विदेशी मुद्रा बुझाउनुपर्ने बाध्यतालाई मध्यनजर गरी यो सम्झौता गरिएको बैंकका नायब प्रमुख कार्यकारी अधिकृत बाजगाइँले बताए। साथै उनले एपबाटै सजिलै आफू अनुकुलको डाटा प्याकेज खरिद गर्न सकिने जानकारी दिए। यसका साथसाथै एनबैंक एपबाटै अन्तर्राष्ट्रिय ड्राइभिङ परमिट पनि लिन सकिनेछ। बैंकका अनुसार संयुक्त राष्ट्रसंघको मापदण्डअनुसार तयार हुने उक्त अनुमतिपत्र १९० भन्दा बढी देशका लागि मान्य हुन्छ। बैंकका ग्राहकले यसका लागि एपमार्फत १० मिनेटभित्रै अनलाइनमार्फत आवेदन दिन सक्नेछन्। यो अनुमति पत्र लिनका लागि आफ्नो सवारी चालक अनुमतिपत्र अपलोड गर्नुपर्नेछ। यो माध्यमबाट अनुमति लिँदा परीक्षा दिन पर्दैन भने २४ घण्टामा विद्युतीय अनुमतिपत्र उपलब्ध हुन्छ। यसलाई डिजिटल वा फिजिकल कार्ड दुवै स्वरूपमा प्राप्त गर्न सकिने जनाइएको छ।

निम्बजका निर्देशक तिमिल्सिनाले यो सेवाले विद्यार्थी, वैदेशिक रोजगारमा जाने तथा अन्तर्राष्ट्रिय यात्रुहरूलाई सीमापार आवागमनलाई सहज र तनावमुक्त बनाउने विश्वार व्यक्त गरे। निम्बज एक अग्रणी सुपरएप हो जसमा च्याट तथा भिडियो कल, सामाजिक सञ्जाल, लाइभ स्ट्रिमिङ, किनमेल, ओटिटि मूभी, डिजिटल वालेट, क्विज, गेम तथा अन्य सुविधाहरू एकै प्लेटफर्ममा एकीकृत गरिएको छ। नबिल बैंक नेपालको एक अग्रणी बैंक हो।

नबिलले २५ लाखभन्दा बढी सेवाग्राहीहरूलाई देशभरिको २६८ शाखा र ३२१ एटिएममार्फत सेवा प्रदान गर्दै आएको छ। विगत चार दशकदेखि नबिल बैंकले नेपाली बैंकिङ क्षेत्रमा नवीनतम सेवाको सुरुवात गर्न अग्रणी भूमिका खेल्नुका साथै नेपालको बैंकिङ विकासको इतिहासमा कोसेढुङ्गाका रूपमा काम गर्दै आएको छ।

# रिलायबल नेपाल लाइफ नवौँ वर्षमा प्रवेश




काठमाडौं। रिलायबल नेपाल लाइफ इन्स्योरेन्स आज भदौ १५ गतेबाट नवौँ वर्षमा प्रवेश गरेको छ। कम्पनीले २०७४ साल भदौ १५ गतेबाट बीमा सेवा सञ्चालन गरेको थियो। यो ८ वर्षको गौरवमय समयावधिमा पूरा गरी कम्पनी आजबाट नवौँ वर्षमा प्रवेश गरेको हो। कम्पनीले आफ्नो आठौँ वार्षिकोत्सव विभिन्न कार्यक्रम गरी मनाउनेछ।

स्थापनाको नवौँ वर्षमा प्रवेश गरेको अवसरमा कम्पनीले नियामक निकाय, संस्थापक, अभिकर्ता, बीमित, पत्रकार, कर्मचारीलगायत सबैलाई कम्पनीले हार्दिक धन्यवाद व्यक्त गरेको छ। योसँगै कम्पनीले आगामी दिनमा निरन्तर उत्कृष्ट सेवा प्रदान गर्ने प्रतिबद्धता पनि व्यक्त गरेको छ।स्थापनाको छोटो समयमै यो कम्पनी जीवन बीमा क्षेत्रमा विश्वसनीय कम्पनी बन्न सफल भएको छ। आफ्नो उत्कृष्ट बीमा सेवाले रिलायबल नेपाल लाइफ ग्राहकको रोजाइमा पर्न सफल पनि भएको छ।

**अधिकांश वित्तीय सूचकमा आकर्षक प्रगति**

गत आर्थिक वर्षमा कम्पनीले ५ अर्ब ३९ करोड रुपैयाँ कुल बीमाशुल्क आर्जन गरेको छ। यो अघिल्लो आर्थिक वर्ष २०८० ।८१को तुलनामा २८.२३ प्रतिशतले बढी हो। समीक्षा वर्षमा कम्पनीले ५ अर्ब ३ करोड रुपैयाँ खुद बीमा शुल्क आर्जन गरेको छ। जुन अघिल्लो वर्षको तुलनामा कम्पनीको खुद बीमा शुल्क आर्जन ३१.८२ प्रतिशतले बढी हो।

अघिल्लो वर्षको तुलनामा समीक्षा वर्षमा कम्पनीको जीवन बीमा कोषको आकार झन्डै साढे ३६ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष जीवन बीमा कोषमा ९ अर्ब ९४ करोड रुपैयाँ रहेकोमा समीक्षा वर्षमा बढेर १३ अर्ब ५७ करोड पुगेको छ। चुक्तापुँजी ५ अर्ब १९ करोड रुपैयाँ रहेको कम्पनीले समीक्षा वर्षमा ५७ करोड १ लाख रुपैयाँ नाफा आर्जन गरेको छ। यो नाफा अघिल्लो वर्षको तुलनामा ४७.२५ प्रतिशतले बढी हो। समीक्षा वर्षमा कम्पनीको शेयर प्रिमियममा १ अर्ब ३९ करोड रुपैयाँ, महाविपत्ति कोषमा २२ करोड २२ लाख रुपैयाँ र रिटेन्ड अर्निङमा ७८ करोड ९९ लाख रुपैयाँ रहेको छ।


## Public Notice

I, LOVKESH KUMAR, ID No:-Y6515891, S/o TARACHAND and KANCHAN, R/o:- House No. 207, Ward No. 22, Near Shitla Mandir, Dhamtari, Chhattisgarh-492002 India, and BINA JOSHI CHAUDHARY, ID No:- 10507145, D/o BISHWANATH CHAUDHARY and BHADRA LAXMI JOSHI, Shreepur-14, Birgunj, Parsa Nepal, have got married at Godavari (Amarabati, Taukhel) Lalitpur, Nepal-44709, on 13th Feb, 2025 as per Indian traditions. Since, then we have been living as Husband and Wife. We have published this notice for Registration of our Marriage at Embassy of India, Kathmandu. If anyone has any objection to the marriage, he/she can contact +977-9851107021 and Embassy of India, Kathmandu on cons.kathmandu@mea.gov.in.

## ५९ औं अन्तर्राष्ट्रिय साक्षरता दिवस मनाउने सम्बन्धी सूचना !

५९ औं अन्तर्राष्ट्रिय साक्षरता दिवस “Promoting Literacy in the Digital Era” (डिजिटल युगमा साक्षरताको प्रवर्धन) भन्ने आदर्श वाक्यका साथ भव्य रूपमा मनाउनका लागि प्रदेश स्थित सम्बन्धित मन्त्रालय, प्रदेश शिक्षा विकास निर्देशनालय, शिक्षा विकास तथा समन्वय इकाई, स्थानीय तह, साक्षरताका क्षेत्रमा काम गर्ने विकास साझेदारहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, सामुदायिक सिकाइ केन्द्रहरू तथा अनौपचारिक प्रौढ विद्यालयहरू र सम्बन्धित सरोकारवालाहरूलाई विभिन्न कार्यक्रमको आयोजना गरी मनाउनका लागि हार्दिक अनुरोध छ।

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर
इमेलः info@cehrd.gov.np
फोनः ९७७–१–६६३१९७२

## टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
काठमाडौँ, बागमती प्रदेश, नेपाल

**सूचना ! सूचना !! सूचना !!!**

व्यक्तिगत घटना दर्ता (जन्म, मत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं।

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । ‘कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।’
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं।**

## जनस्वास्थ्य कार्यालय ललितपुरको अनुरोध

क) नसर्ने रोगहरु यस्ता रोगहरु हुन् जसले लामो अवधि र सुस्त गतिमा प्रभाव पार्ने गर्दछन् । तसर्थ कम्तिमा १-१ बर्षको फरकमा रक्तचाप (BloodPressure), Gulcose Level, Cholesterol कुराहरु जाँच गर्ने गरौं ।

ख) मुटु तथा रक्तनली सम्बन्धि रोगहरु, मधुमेह, क्यान्सर, दीर्घ श्वास प्रश्वास सम्बन्धी रोगहरु तथा मानसिक स्वास्थ्य रोगहरु जस्ता समस्याबाट बच्न तलका आनीबानी तथा खानपानबाट टाढा रहौं ।

१) सुर्तिजन्य पदार्थको प्रयोग
२) अस्वस्थकर खानपान
३) शारिरिक सक्रियताको कमि
४) मादक पदार्थको प्रयोग
५) बायु प्रदुषण

ग) प्यास धेरै लाग्ने, पिसाब धेरै लाग्ने बिना कारण थकाई महसुष हुने, आँखा धमिलो देख्ने, घाउ निको हुन धेरै समय लाग्ने, भोक धेरै लाग्ने बिना कारण तौल कम हुदै जानु बान्ता वाक-वाक लाग्नु र हात खुट्टा निदाउने वा झनझनाहट हुनु मधुमेह रोगका लक्षण हुन् तसर्थ यस्ता लक्षण भएमा तुरुन्त जचाउने बानी गरौं ।

घ) मधुमेह रोगको रोकथाम गर्न हामीले सन्तुलित स्वस्थ खाना, कम्तिमा दैनिक ३० मिनेट नियमित शारिरिक क्रियाकलाप कम गुलियो, कम नुनिलो र चिल्लो खाना खाने, सुर्ति अन्य पदार्थ र मादक पदार्थ सेवन नगर्ने र नियमित रगत (Gulcose Level) परिक्षण गर्ने गरौं ।

ङ) महिलाहरुले हरेक ५/५ बर्षमा Human Papilloma Vinus को जाँच गराई पाठेघरको मुखको क्यान्सर हुनबाट बचौं ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**जनस्वास्थ्य कार्यालय, ललितपुर**
फोनः ०१-५५४७९१५
ईमेलः dpholp@gmail.com

# हचुवाका भरमा ३ महिनामा २४ लाख इम्बोस्ड नम्बर प्लेट जोड्ने सरकारको लक्ष्य, असोजबाट अनिवार्य




काठमाडौं । मंसिर ११ भित्र २५ लाख सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान गर्ने सरकारको लक्ष्य हो । साना तथा ठूला गरी करिब ४० लाख सवारीसाधन छन् । पहिलो चरणमा २५ लाखमा इम्बोस्ड जडान गर्ने सरकारले जनाएको छ । ०७३ जेठमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभाग र अमेरिकी र बंगलादेशी संयुक्त कम्पनी डेकाटुर टाइगर आईटी कम्पनीबीच ५ वर्षभित्र २५ लाख इम्बोस्ड नम्बर प्लेट बनाएर सरकारलाई हस्तान्तरण गर्ने सम्झौता भएको थियो । तर, सम्झौता भएको ९ वर्षमा करिब १ लाख सवारीमा मात्रै इम्बोस्ड जडान भएको छ । अझै २४ लाखमा इम्बोस्ड जडान हुन बाँकी छ । सरकारले थपेको म्याद २०८२ मंसिर ११ सम्म हो । अब बाँकी करिब ३ महिनामा २४ लाख इम्बोस्ड जडान गरिसक्नुपर्ने विभागसँग बाध्यता छ ।

समय कम भएकोले भौतिक मन्त्रालयले असोज १ गतेबाट इम्बोस्ड नम्बर प्लेट अनिवार्य जडान गर्ने आशयको सूचना गत साउन ४ सम्म जारी गर्‍यो । असोज १ देखि सवारी दर्ता, नामसारी र नवीकरण गर्दा अनिवार्य रूपमा इम्बोस्ड नम्बर प्लेट जडान गर्नुपर्ने भएकोले सबै सवारीधनीहरूले यथाशीघ्र इम्बोस्ड जडान गर्न भनिएको छ । सरकारले इम्बोस्ड नम्बर अनिवार्य गर्न लागेको भन्दै अहिले यसको विरोध भइरहेको छ । कुनै पूर्वाधारबिना नै सरकारकाले इम्बोस्ड लागू गर्न लागेकोमा सर्वसाधरणको गुनासो हो । सार्वजनिक यातायातसँग सम्बद्ध संघ तथा महासंघले पनि इम्बोस्ड नम्बर प्लेट जडान नगर्न सार्वजनिक रूपमा आह्वान गरेका छन् । सरकारले अव्यावहारिक विषयहरू संशोधन नगरेसम्म इम्बोस्ड नम्बर जडान नगर्न आह्वान गरेको हो । जबरजस्ती प्लेट जडान गर्न खोजिए हुने विरोध र दबाबका गतिविधिप्रति स्वयं यातायात मन्त्रालय मातहतका निकाय नै जवाफदेही हुने चेतावनी दिएको छ ।

सर्वत्र विरोधसँगै सरकारले यही भदौ १० गते अर्को सूचना जारी गर्‍यो । सरकारले डिजिटल नेपालको अवधारणालाई आत्मासात गर्दै यातायात क्षेत्रलाई क्रमशः डिजिटालाइज गर्दै जान इम्बोस्ड नम्बर लागू गर्न लागेको सूचनामा भनिएको छ । 'सवारीसाधनहरूमा इम्बोस्ड नम्बर प्लेट जडान गरेपछि जिल्ला, प्रदेश तथा मुलुकमा रहेका सवारीसाधनको एकिन विवरण प्राप्त हुने, कृत्रिम बौद्धिकतामा आधारित ट्राफिक तथा सडक व्यवस्थापनमा सहयोग पुग्ने, सडक इजाजत सम्बन्धमा पारदर्शी विवरण प्राप्त हुने, सवारी तथा यातायातको आवागमनसमेतलाई थप व्यवस्थित बनाउन योगदान पुग्ने अपेक्षा छ ।' यातायात व्यवस्था विभागद्वारा जारी विज्ञप्तिमा भनेको छ । इम्बोस्ड नम्बर जडान गर्न अनुरोध गरेको हो, तर असोज १ बाट जडान नगरे जरिवाना गर्ने नभनिएको यातायात व्यवस्था विभागका महानिर्देशक राजीव पोखरेलले बताए । 'हामीले अनिवार्य लागू भनेका छैनौं । असोज १ बाट यातायातसम्बन्धी कुनै सेवा लिन जानुपर्‍यो भने यातायात कार्यालयबाट इम्बोसड नम्बर प्लेट लिनु होला भनेका हौं । असोज १ बाट नहाले जरिवाना लाग्छ भनेका छैनौं,' उनले अन्नपूर्णसँग भने । इम्बोस्ड नम्बर प्लेट लिन झन्झट पनि नभएको र प्रक्रिया पुगे एकै दिनमा नम्बर पाउन सकिने पोखरेलले भने । सवारीको सम्पूर्ण राजस्व तिरेको, बिमा गरेको भौचरलगायत कागजातपछि इम्बोस्ड नम्बर प्लेटका लागि आवेदन दिन सकिन्छ ।

विभागका अनुसार ७ लाख छपाइ गरेर विभिन्न प्रदेशमा पठाइएको छ भने ५ लाख छपाइ भइरहेको छ । इम्बोस्ड नम्बर प्लेटसँगै यसलाई आवश्यक पर्ने पूर्वाधार तयारीको काममा पनि विभाग लागेको महानिर्देशक पोखरेल बताउँछन् ।

सुरुमा १० ठाउँमा डिजिटल सेन्सर प्रविधि (रेडियो फ्रिक्वेन्सी आइडेन्टी फिकेसन - आरएफआईडी) जडान गरिँदै छ । 'अहिले २ ठाउँ नागढुंगा र नागार्जुन जोडिसकेको छ भने पतलैया र फर्पिङमा जोड्ने तयारी हुँदैछ । बाँकी ६ ठाउँमा विभिन्न प्रदेशहरूमा जडान गरिने छ । पूर्वाधार विकास एकैपटक सबै हुन सक्दैन । सँगसँगै गर्दै जाने हो,' उनले बताए । आपूर्तिकर्ताले २५ लाख उत्पादन गरेपछि प्रविधि नेपाल सरकारलाई हस्तान्तरण गर्ने र सरकार आफैंले उत्पादन गर्ने योजना सरकारको छ । सुरक्षाका दृष्टिकोणले इम्बोस्ड नम्बर आवश्यक भएको पूर्वसचिव अर्जुनजंग थापा बताउँछन् ।

'बंगालादेश, भारत, पाकिस्तान, श्रीलंकालगायत दक्षिण एसियाका धेरै देशले सवारीसाधनमा इम्बोस्ड जडान गरिसकेका छन् । चोरी-चकारीलगायतमा सहयोग पनि हुन्छ । तर, इम्बोस्ड नम्बर प्लेट राखिसकेपछिको चाहिने संरचना र पूर्वाधार भने निर्माण हुन सकेको छैन,' उनी भन्छन् ।

सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को मिति २०६७ वैशाख २७ गतेको तेस्रो संशोधनमार्फत इम्बोस्ड नम्बर जडानसम्बन्धी आवश्यक कानुनी आधार तयार भएको हो । आर्थिक वर्ष २०७२/७३ को बजेट वक्तव्यको बुँदा नम्बर ९२ मा डिजिटल नम्बर प्लेट लागू गर्ने उल्लेख भएको छ । २०७२ साउन १० गतेको मन्त्रीस्तरीय निर्णयानुसार विभागलाई यससम्बन्धी खरिद प्रक्रिया अगाडि बढाउन निर्देशन भयो । विभागबाट अन्तर्राष्ट्रियस्तरको बोलपत्र आह्वान भई २०७३ जेठ १७ गते डेकाटुर टाइगर आईटी कम्पनीबीच इम्बोस्ड नम्बर प्लेट उत्पादन गर्ने सम्झौता भएको थियो ।

इम्बोस्डमा प्रयोग हुने भाषाका सम्बन्धमा २०७४ सालमा नै सर्वोच्चमा रिट परेपछि २ वर्ष अन्तरिम आदेशका कारण यसको छपाइ हुन सकेन । भाषाका सम्बन्धमा सर्वोच्च अदालतको संवैधानिक इजलासबाट सम्झौतामा उल्लेख भएबमोजिम अंग्रेजी लिपि प्रयोगमा कुनै संवैधानिक र कानुनी त्रुटि नदेखिएको भनी २०७६ मंसिर २७ गते फैसला भई रिटहरू बदर भयो । सर्वोच्चले फैसला गरेको पनि करिब ५ वर्षपछि २०८१ असोज ६ गते भाषाको विषयमा सम्झौतामा उल्लेख भएअनुसार नै अंग्रेजी लिपिको प्रयोग गर्ने मन्त्रीस्तरीय निर्णय भएको हो । तर, आपूर्तिकर्तालाई दिएको अवधि २०७८ मा नै सक्किएपछि कसरी अघि बढ्ने भन्नेमा नै सरकार अनिर्णीत बनेको पूर्वसचिव अर्जुनजंग थापा बताउँछन् । विभाग र आपूर्तिकर्तासँग भएको सम्झौताको सर्तमा खाली नै इम्बोस्ड नम्बर प्लेट छापेर पनि आपूर्तिकर्तालाई सरकारले रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । सरकारको अलमलपछि आपूर्तिकर्ता कम्पनीले पनि खाली नम्बर प्लेट छाप्ने दबाबका बीच सरकारले सोही कम्पनीलाई म्याद थपेको थापाको भनाइ छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि २०८१ असार २४ गते विभाग र आपूर्तिकर्तालाई काम सुरु गर्न ताकेता पनि गरेको छ । यस कार्यलाई थप व्यवस्थापन गर्न विभागबाट मिति २०८१ फागुन १९ गते सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडानसम्बन्धी निर्देशिका, २०८१ जारी गरिएको छ ।

**इम्बोस्ड जडान गर्न कति लाग्छ खर्च ?**

२०७७ साउन १ देखि दुईपांग्रे सवारीका लागि यातायात व्यवस्था कार्यालय (मोटरसाइकल), गुर्जुधारा, काठमाडौंमा रहेको ग्लोबल आईएमई बैंकको शाखामा २५ सय रुपैयाँ, अन्य सवारीका हकमा यातायात व्यवस्था कार्यालय (साना/ठूला सवारी) एकान्तकुना, ललितपुरको राष्ट्रिय वाणिज्य बैंकको शाखामा तीनपांग्रे सवारीका लागि २९ सय रुपैयाँ निर्धारण गरिएको छ । यस्तै, चारपांग्रे साना तथा मझौला सवारीका लागि ३२ सय र ठूला सवारीका लागि ३६ सय इम्बोस्ड नम्बर प्लेटबापतको राजस्व जम्मा गर्नुपर्नेछ ।

# सुदूरपश्चिममा लगानी गर्न मुख्यमन्त्रीको आग्रह, जग्गासहित आवश्यक पूर्वाधार बनाइदिने प्रतिबद्धता



डिल्ली शाहि/ काठमाडौं

नेपाल उद्योग परिसंघ र सुदूरपश्चिम प्रदेश सरकारबीच प्रदेशले आयोजना गर्न लागेको लगानी र विकास सम्मेलन केन्द्रित छलफल भएको छ । परिसंघको सचिवालयमा आज सोमबार भएको छलफलमा मुख्यमन्त्री कमल बहादुर शाहले लगानी सम्मेलनमा सहभागी हुन आग्रह गर्दै सुदूरपश्चिम प्रदेशमा रहेको उच्च सम्भावना भएका क्षेत्रमा लगानी गर्न आग्रह गरे। प्रदेशमा लगानी भित्र्याउन उद्योगीहरुको संस्था नेपाल उद्योग परिसंघलाई नेतृत्वदायी भूमिका निर्वाह गर्न समेत आग्रह गरे।

मुख्यमन्त्री शाहले लगानीमैत्री वातावरण बनाउन, सोही अनुरुप कानुनी एवं नीतिगत सुधार गर्न र लगानीको सुरक्षा गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताए। उनले जग्गा खरिद गरी उद्योग स्थापना गर्न नसक्ने लगानीकर्ताको भनाईप्रति समर्थन जनाउँदै प्रदेश सरकारले उद्योग स्थापनाका लागि आवश्यक जग्गासहित उद्योग स्थापना गर्ने स्थानसम्म बाटो, बिजुली, पानीलगायतका पूर्वाधार बनाइदिने प्रतिबद्धता समेत व्यक्त गरे "उद्योगका लागि जग्गा कति चाहिन्छ भन्नुहोस् । उद्योग स्थापनाका लागि जग्गा दिने ग्यारेन्टी प्रदेश सरकारले गर्छ। बाटो, पानी, बिजुली हामी पुर्याइदिन्छौं । लगानी तपाईहरु गर्नुहोस्" उनले भने। मुख्यमन्त्री शाहले लगानीमैत्री नियम, कानुन निर्माणका लागि संघीय सरकारसँगै प्रदेश सरकार, प्रदेशका सबै राजनीतिक दलहरु एकजुट रहेको भन्नुहुँदै निजी क्षेत्रसँगै प्रदेश सरकार अगाडि बढ्न चाहिरहेको बताए।

सो अवसरमा परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले सुदूरपश्चिम प्रदेश सरकारले आयोजना गर्न लागेको लगानी र विकास सम्मेलन सफल बनाउन परिसंघले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले मुलुकको समग्र आर्थिक विकासका लागि निजी क्षेत्रको लगानी बढ्नुपर्ने आवश्यकता औंल्याउँदै लगानीमैत्री वातावरण, कानुन तथा नीतिगत सहजता भए प्रदेशमा लगानी आउने बताए। परिसंघका पुर्व अध्यक्ष हरिभक्त शर्माले जग्गा खरिद गरी लगानी गर्न नसकिने स्पष्ट पार्नुहुँदै प्रदेश सरकारले जग्गा, सहज एवं छिटो प्रक्रिया अबलम्वन गरे लगानी ल्याउने प्रतिबद्धता व्यक्त गरे । उनले लगानी अभिबृद्धि गर्न निजी क्षेत्रलाई साथमा लिएर अगाडि बढ्नुको विकल्प कुनै पनि सरकारसँग नभएको स्पष्ट पारे।

परिसंघका उपाध्यक्ष राजबहादुर शाहले प्रदेशले आयोजना गर्न लागेको लगानी सम्मेलन सफल बनाउन आवश्यक समन्वय गर्न परिसंघ तयार रहेको भन्दै लगानी भित्र्याउन निजी क्षेत्रलाई लगानी बाहेकका अन्य प्रक्रिया, कानुनी एवं नीतिगत सहजता सरकारले प्रदान गर्नुपर्ने बताए । सो छलफलमा प्रदेश सरकारका मन्त्रीहरु, पूर्व मन्त्रीहरु, सांसद्हरु, प्रमुख सचिवलगायत उच्च अधिकारीहरु सहभागी रहेको थियो। यसैगरी परिसंघका वरिष्ठ उपाध्यक्ष निर्वाण चौधरी, परिसंघ राष्ट्रिय परिषद् सदस्यहरु, उद्योगीहरु, परिसंघका महानिर्देशक डा. घनश्याम ओझालगायत सहभागी रहेको थिए।

**विकासविरोधीलाई कानुनी रूपमा निस्तेज गर्न जरुरी**

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले देशको विकासनिर्माणमा अवरोध गर्ने, सानोतिनो बहाना बनाएर मुद्दा हाल्ने, अन्तरिक आदेश लिने प्रवृत्तिलाई कानुनी रूपमा निस्तेज गर्न जरुरी भएको बताएका छन्। विकास आयोजनामा अनावश्यक मुद्दा मामिला गर्ने, मुद्दालाई लामो समयसम्म नटुङ्ग्याउने जस्ता अवस्थाले विकासका ठुला योजना सुरु हुनै नसक्ने अवस्था आएको चिन्ता उनले बताए।

आगामी मङ्सिर १ र २ गते धनगढीमा हुन लागेको सुदूरपश्चिम प्रदेश लगानी तथा विकास सम्मेलनको विषयमा आइतबार ऊर्जा मन्त्रालयमा आयोजित कार्यक्रममा मन्त्री खड्काले यस्ता समस्या समाधान कानुनी रूपमै गर्न सरकार लागि रहेको बताए। उनले ऊर्जा क्षेत्रको विकासका लागि सरकारले नीतिगत सुधारलाई उच्च प्राथमिकतामा राखेर काम गरिरहेको पनि बताए। मन्त्री खड्काले सबै प्रदेशले आफ्ना प्रदेशलाई सशक्त बनाउन चासो देखाउनु सकारात्मक पक्ष भएको बताउँदै भने, "सरकारले निजी क्षेत्रलाई साथमा लिएर मुलुकको आर्थिक विकासमा अगाडि बढेको छ, विकासनिर्माणका अवरोधजन्य कानुनलाई समय अनुसार संशोधन गर्दै अगाडि बढेको छ।"

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले प्रदेशको विकास र समृद्धिका लागि लगानी सम्मेलन आयोजना गर्न लागिएको जानकारी दिँदै लगानी सम्मेलन लगानीमा मात्र सीमित नभई प्रदेशलाई रोजगारी र उत्पादनमूलक विकासतर्फ लैजाने ऐतिहासिक प्रयास भएकाले सफल बनाउन केन्द्र सरकारको साथ आवश्यक रहेको बताए। सुदूरपश्चिम प्रदेशका प्रमुख सचिव डा. कमल पोखरेलले प्रदेशमा अपार सम्भावना भएको जनाउँदै स्रोतसाधनको समुचित प्रयोगमार्फत समृद्ध प्रदेश बनाउन सम्मेलन आयोजना गरिएको जानकारी दिए।